# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालयको नाम:–** श्री जिल्ला विकास समितिको कार्यालय, झापा ।
**आर्थिक वर्ष –** २०६९।७०
**बजेट उपशीर्षक नं :–** विभिन्न

**कार्यालय प्रमुख:–** स्था.वि.अ.श्री जीवनप्रकाश सिटौला (२०६९।४।१–६।१८ सम्म)
स्था.वि. अ. श्री लालमणी ओझा (२०६९।६।१८ देखी हालसम्म)
**लेखा प्रमुख:–** ले.अ. श्री ठाकुरप्रसाद मिश्र (२०६९।४।१–२०७०।१०।१ सम्म )
ले.अ.श्री शालिकराम चौधरी (२०६९।२।२२ देखी हालसम्म)

## आर्थिक कारोबारको संक्षिप्त स्थिति

| सि.नं. | वजेट उपशिर्षक नम्वर | गत वर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी | खर्च | बाकी | खर्च मध्ये पेश्की वांकी |
|---|---|---|---|---|---|---|---|
| १. | जि.वि.स. कोष | ३२२६४९५०७८ | ३२३३४४५६७९६ | ३५५६०९५१९.७४ | २९२८१६७६१.६० | ६२७९२७५८.१४ | |

उपर्युक्त आर्थिक कारोवारको पूर्व स्वीकृत लेखापरीक्षण योजनाको आधारमा नमूना छनौटको आधारमा गरिएको लेखापरीक्षणबाट देखिएका व्यहोराको सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसँग मिति २०७०।१०।२२ मा छलफल गरी प्रारम्भिक प्रतिवेदनमा कायम गरिएका व्यहोराहरु देहायअनुसार छन् :-

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **परिचय** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (२) बमोजिम जिल्ला विकास समिति, झापाको आर्थिक वर्ष २०६९।७० को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ । | | | |
| | | **वित्तीय तथा आर्थिक व्यवस्थापन** | | | |
| १ | | **आय–व्ययको स्थिति –** आ.व.२०६९।७० को आय–व्ययको स्थिति निम्नानुसार रहेको छ । | | | |

| क्र.सं. | आय | रकम | व्यय | रकम |
|---|---|---|---|---|
| १ | **गत सालको जिम्मेवारी** | **३२२६४९५१.७८** | **वजेट खर्च नेपाल सरकार** | **१३३५२८५८०.१८** |
| २ | **नेपाल सरकारको अनुदान** | **१३३५२८५८०.१८** | जिविस अनूदान | ६३०२८५८०।१८ |
| | जिविस अनूदान | ६३०२८५८०।१८ | गाविस अनूदान | ७०५०००००।०० |
| | गाविस अनूदान | ७०५०००००।०० | **भारतीय दुतावासको खर्च** | **४३८११४०६.८९** |
| **३** | **आन्तरिक स्रोत** | **५०७८०६०३.१६** | आन्तरीक तर्फको खर्च | ९२२२०१०७.३५ |
| | (क) कर, दस्तुर, सेवा शुल्क र भाडा रु. | ३६७०६५६०.३६ | | |
| | (ख) राजस्व बाँडफाँड रु. | १४०७४०४२.८० | धरौटी खर्च | १६५१०३५७.३५ |
| ४ | **अन्य श्रोतको आम्दानी** | **५८४५०६७१.९९** | सापटी फिर्ता प्राप्त हुन बाँकी | ६७४६३०९.८३ |
| ५ | **भारतीय सहयोग** | **३६५१६७१६.९७** | **मौज्दात** | ६२७९२७५८.१४ |
| ६ | **धरौटी** | **३४०६७९९५.६६** | | |
| ७ | **सापटी फिर्ता प्राप्त** | १००००००००.०० | | |
| | **जम्मा** | **३५५६०९५१९.७४** | **जम्मा** | **३५५६०९५१९.७४** |

| बजेट उपशीर्षक | कार्यक्रमको नाम | वार्षिक बजेट | निकासा | खर्च | खर्च मध्ये पेश्की बांकी | |
|---|---|---|---|---|---|---|
| | | | | | म्याद नाघेको | म्याद ननाघेको |
| ३६५८०१३ | **जिविस अनुदान** | ६३०२९००० | ६३०२९००० | ६३०२८५८०।१८ | | ५०००० |
| ३६५८१९३ | **LGCDP** | २३६४६५४० | २३६४६५४० | २३६४६५४० | | ४०५००० |
| ३६५०१५३ | **सामाजिक सुरक्षा** | ३६०९४२००० | ३६०९४२००० | ३५८५५२१०० | | ०।०० |
| ३६५८०४३ | **ग्रामिण खानेपानी तथा सरसफाई आयोजना** | ४३६५१७० | ४३६५१७० | ४०२२४६६।५३ | | ० |
| ३६५१०८३ | **मधेशी, पिछडा वर्ग र मुस्लिम उत्थान कार्यक्रम** | ५००००० | ५००००० | ५००००० | | ७६०५०० |
| ३६५८०२३ | **गाविस अनुदान** | ७०५००००० | ७०५००००० | ७०५००००० | | ० |
| ३६५८३१३ | **स्थानीय स्तरका सडक पुल तथा सामुदायिक** | ४७००००० | ४७००००० | २०३२१६९।३ | | ० |
| ३६५०१६३ | **स्थानीय पूर्वाधार विकास तथा कृषि सडक** | १५००००० | १५००००० | १४००००० | | ० |
| ३६५८१४३ | **ग्रामिण पहुंच सुधार तथा विकेन्द्रीकरण** | ३१४०००० | ३१४०००० | ९३४११४।०८ | | ० |
| ३६५८०९३ | **झोलुङ्गे पुल क्षेत्रगत तथा स्थानीय स्तरका सडक,** | २५००००० | २५००००० | १२३६६२७ | | ११७७७४० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुल कार्यक्रम | | | | | |
| ३६५८०८३ | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम | ३२३००००० | ३२३००००० | २५६६७९४१।९४ | | ० |
| ३६५८०८४ | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम | १८००००० | १८००००० | १८००००० | | ० |
| ३६५१०६३ | उपेक्षित उत्पिडित दलित वर्ग उत्थान | २४२६०० | २४२६०० | २४२६०० | | ० |
| ३४३१०१३ | युवा तथा खेलकुद विकास | ६१२००० | ६१२००० | ६१०००० | | ० |
| ३६५८१२३ | जनसहभागितामा आधारित विकास कार्यक्रम | ३०००००० | ३०००००० | २९८७८०० | | ० |
| ३०८१०९३ | रोयल्टी व्यवस्थापन तथा विकास | ६२००० | ६२००० | ६२००० | | ० |
| ३६५१०१३ | गुम्बा व्यवस्थापन तथा विकास | १५०००० | १५०००० | १५०००० | | ० |
| ३९११०५३ | राष्ट्रिय विकास स्वयंसेवक | १२५००० | १२५००० | १२५००० | | ० |
| ३६५८३६३ | पिछडिएको तराई मधेश विशेष कार्यक्रम | ४३००००० | ४३००००० | ४०७३७६७ | | ० |
| जम्मा | | ५७७४१४३१० | ५७७४१४३१० | ५६१५७१७०६।०३ | ० | २३९३२४०।०० |

**राजस्व:**

| सि.नं. | शिर्षक | आम्दानी | दाखिला |
|---|---|---|---|
| १. | १५११२ | ८४८९२००।०० | ८४८९२००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१ | | उल्लेखित आय–व्यय रकममा वर्तमान विकेन्द्रित व्यवस्था अनुसार जिल्लास्थित कार्यालयहरुलाई निकासा पठाएको रकम समावेश गरिएको छैन । | | | |
| १.२ | | **सापटी सम्बन्धमा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ मा सापटी ल्याइ खर्च गर्ने प्रावधान रहेको पाइदैन । कार्यालयको गत वर्षको म.ले.प.प्रतिवेदनमा सापटी फिर्ता प्राप्त गर्न बाँकी रु ९०७९९७८.०० देखाएकोमा यस आ.व.मा रु १००००००००.०० सापटी फिर्ता भएको देखाएको छ । साथै, यस आ.व.को एकिकृत आ.व.मा रु ६७४६३०९.८३ सापटी फिर्ता प्राप्त गर्न बाँकी देखाएको सम्बन्धमा गत वर्षको सापटी फिर्ता प्राप्त गर्न बाँकी भन्दा बढ्ता फिर्ता प्राप्त गरेको रु ९२००२२।०० सम्बन्धमा स्पष्ट गर्नुपर्ने देखिएको रु | ९२००२२।०० | | |
| | | साथै, यस आ.व.मा सापटी गएको र फिर्ता प्राप्त गर्न बांकी देखिएको रकम सम्बन्धित शिर्षक/खाताहरुबाट फिर्ता प्राप्त गरी हिसाब दुरुस्त राख्नुपर्ने देखिएको रु | ६७४६३०९.८३ | | |
| | | कार्यालयबाट विभिन्न गाविस, विषयगत कार्यालय तथा पछि सोधभर्ना प्राप्त हुनेगरी अन्य शिर्षकमा सापटी उपलव्ध गराउने प्रथाका कारण यसप्रकारको सापटी कारोवार हुने गरेको देखिन्छ । यसबाट वित्तिय विवरण एवं कारोवारको यथार्थता अवास्तविक हुनजान्छ । अत: आर्थिक वर्षको अन्त्य तथा बीचमा पटक पटक सापटी कारोवार प्रचलनको अन्त्य गरी कारोवारलाई यथार्थपरक तुल्याउनुपर्ने देखिन्छ । | | | |
| १.१ | | **खर्च शिर्षक परिवर्तन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१) ख मा जिल्ला विकास समितिले राख्नुपर्ने श्रेस्ताको ढाँचा एवं खर्चको वर्गिकरण र व्याख्या बमोजिम अनुसूची ६ ले निर्धारण गरेको खर्च शिर्षक अनुसार निर्धारित ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले पेट्रोलियम खर्च, अनुदान सहयोग, प्रकोप व्यवस्थापन लगायतका शिर्षकमा बजेट खर्च लेखी लेखांकन गरेको पाइयो । यसप्रकारको लेखांकन तोकिएका बजेट शिर्षकका सम्बन्धमा नियममा भएका व्यवस्थाको जानकारी नहुनुका कारण भएको देखिन्छ । तसर्थ, पर्याप्त व्याख्या एवं खुलासा विना खर्चको लेखांकनमा परिवर्तन भएका कारण आर्थिक विवरणले सही एवं यथार्थ चित्रण गरेको विषयमा विश्वस्त हुन सकिएन । | | | |
| १.२ | | **वित्तीय विवरणको यथार्थता :** सार्वजनिक निकायले प्रचलित ऐन, नियममा तोकेको ढांचा बमोजिम लेखा राख्नुको अलावा, तयार गरिने आर्थिक विवरणले सम्पूर्ण कारोवारको वास्तविक र यथार्थ चित्रण गर्नुपर्दछ । कार्यालयले मर्मत सम्भार कोषको विगतको मौज्दात जिम्मेवारी सार्न छुटाएको, कोषको जिम्मेवारी फरक सारेको, समपुरक कोषका लागी उपलब्ध गराएको रकमलाई समेत आम्दानी देखाउने गरेको, अन्य शिर्षक वा खातालाई दिएको सापटीलाई खर्च लेखांकन गर्ने र प्राप्त हुँदा हरेक पटक आम्दानी जनाउने जस्ता कृत्रिम कारोवारहरु लेखांकन गरेबाट आय व्यय विवरणको अंक अवास्तविक हुन गएको छ ।<br>जिल्ला विकास समितिले सोधभर्ना लिने गरी भारतीय दुतावास र सडक बोर्ड लगायतका कार्यक्रमलाई बारम्बार रकम सापटी लिने दिने गरेको कारण यस्तो अवस्था सिर्जना भएको देखिन्छ । लेखांकन प्रष्ट र समयमै गर्दा सारभुत रुपमा दायित्वमा फरक नपर्ने भएतापनि लेखा राख्ने कार्य चुस्त र दुरुस्त नहुँदा त्यसले आर्थिक अनियमितताको अवस्था सिर्जना गर्न सक्ने र कार्यालयको आय व्यय रकममा समेत अवास्तविक वृद्धि हुन जाने सम्भावनालाई विचार गरी प्रस्तुत गरिएका आँकडाले कारोवारको यथार्थता समेत दर्शाउने गरी लेखा राख्नेतर्फ कार्यालय सजग हुनुपर्ने देखिन्छ । | | | |
| १.३ | | **वर्षान्तमा जिम्मेवारीः** स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ४३ (५) मा आर्थिक वर्षको आयमा बाकी रहेको रकम आगामी वर्षमा जिम्मेवारी सार्नु पर्दछ भन्ने व्यवस्था छ । सोही नियमअनुसार गत वर्षको बाकी मौज्दात रकम यस वर्ष जिम्मेवारी सारी लेखा व्यवस्थित बनाउनु पर्दछ । कार्यालयले गत वर्ष विभिन्न खातामा मौज्दात रहेको अंकलाई यस आ.व.को अन्त्यमा मात्रै जिम्मेवारी सारी आम्दानी बाधेको पाइयो ।<br>यसरी समयमै जिम्मेवारी सारी आम्दानी नबांध्नुमा कार्यालयको लेखा व्यवस्थापन चुस्त नहुनु तथा मौज्दात रुजु नगर्नु हुन सक्दछ । जसले गर्दा आय व्यय विवरण अवास्तविक रहनुका साथै आर्थिक अनियमितताको प्रवल सम्भावना रहन्छ । अतः आगामी दिनमा कार्यालयबाट समयमै जिम्मेवारी सारी कारोवारलाई वास्तविक र यथार्थपरक तुल्याउनेतर्फ सचेत हुनुपर्ने देखिएको छ । | | | |
| २ | | **पेश्की –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ। कार्यालयबाट पेश भएको विवरण अनुसार गत वर्षको पेश्की जिम्मेवारी रु. २३७९८८५।२१ रहेकोमा यस वर्ष रु. ५८१५६८१।४३ फछ्र्यौट देखाएको छ । | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>तसर्थ विगत वर्षको बांकी रु. १७९७९२०३।७८ मा यस आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट नभएको रु. ७९९४२४०.०० समेत रु. २५९७३४४३.७८ पेश्की बांकी रहेको छ । कार्यालयको कोष कार्यक्रमतर्फ निम्नानुसार पेश्की आ.व.को अन्त्यमा फछ्र्यौट भए गरेको देखिएन ।
<table>
<tr><th>सि. नं.</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th><th>कैफियत</th></tr>
<tr><td colspan="4">कोषतर्फ</td></tr>
<tr><td>१</td><td>सवारी चालक श्री रामलखन राउतवरै</td><td>४००००।००</td><td>जिविस कोष चालु</td></tr>
<tr><td>२</td><td>खरिदार श्री मानबहादुर मगर</td><td>१०००००।००</td><td>जिविस कोष चालु</td></tr>
<tr><td>३</td><td>जिल्ला एड्स समन्वय समिति, झापा</td><td>३८६०००।००</td><td>जिविस कोष पूंजीगत</td></tr>
<tr><td>४</td><td>तुलसीभक्त कन्स्ट्रक्सन प्रालि</td><td>४५१००००।००</td><td>भारतीय दूताबास</td></tr>
<tr><td>५</td><td>प्र.अ. श्री सागरकुमार रिजाल, हिमाली उमावि, पृथ्वीनगर</td><td>५००००।००</td><td>भारतीय दूताबास</td></tr>
<tr><td>६</td><td>प्र.अ. श्री तिलकसिंह पाण्डे, पथरिया उमावि</td><td>५००००।००</td><td>भारतीय दूताबास</td></tr>
<tr><td>७</td><td>प्र.अ.श्री विजयप्रसाद देव जनता उमावि, बाहुण्डांगी</td><td>५००००।००</td><td>भारतीय दूताबास</td></tr>
<tr><td>८</td><td>सिद्धिदातृ निर्माण सेवा</td><td>३२००००।००</td><td>आर.टि.आई.स्वाप</td></tr>
<tr><td>९</td><td>लक्ष्मी निर्माण सेवा</td><td>९५०००।००</td><td>आर.टि.आई.स्वाप</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५६०१०००।००</td><td></td></tr>
</table>
तोकिएको योजना मुताविक कार्यक्रम कार्यान्वयन नगर्ने एवं बर्षान्तमा पेश्की खर्च लेख्ने कारणले गर्दा यसरी पेश्की बाँकी रहन गएको देखिन्छ । यसबाट एकातर्फ आर्थिक ऐन नियमको परिपालना नहुने र अर्को तर्फ पेश्कीको मात्रा बढदै जान्छ । तसर्थ पेश्कीमा नियन्त्रण गरी बाँकी रहेको पेश्की अविलम्ब फछ्र्यौट गर्नु पर्ने देखिएको रु</td><td>५६०१०००।००</td><td></td><td></td></tr>
<tr><td>२.१</td><td></td><td>पेश्की सम्बन्धमा देखिएका अन्य व्यहोरा – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ८२ (१) र (२) मा कार्यालयबाट पेश्की लिंदा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने र प्राप्त विवरणको आधारमा अधिकार प्राप्त अधिकारीले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैरकर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट खोली पेश्की दिनुपर्ने उल्लेख छ ।<br><br>कार्यालयले उपभोक्ता समितिको नाममा पेश्की उपलव्ध गराउंदा पेश्की लिनेको तीन पुस्ते स्थायी र अस्थायी ठेगाना उल्लेख गरेको पाइएन । पेश्की खातामा पनि यस किसिमको स्पष्ट विवरण राख्ने परिपाटी पाइएन । विगत वर्षमा उपलव्ध गराइएको पेश्की बांकी रकम समय समयमा ताकेता तथा कारबाही गरी असुल फछ्र्यौट हुनसकेको देखिएन ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ३ | | **धरौटीको मौज्दात फरक** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आर्थिक बर्षको लागि जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार धरौटीको गत वर्षको जिम्मेवारी रु. १५४५३२४१।७८ र यो वर्षको प्राप्त रु ३४०६७९९५।६६ समेत रु ४९५२१२३७४४ भएकोमा रु जम्मा भएकोमा रु १६५१०३५७३५ खर्च भई श्रेस्तामा रु ३३०१०८८०।०९ र बैंकमा रु ३३१६५६९०।५९ बांकी देखिएबाट कार्यालयको धरौटी श्रेस्तामा भन्दा बैंकमा रु. 154810.50 ले बढी मौज्दात रहेको छ ।<br>बैंकभन्दा श्रेस्तामा कम देखाएको मौज्दातको सम्बन्धमा रकम यकिन गरी आम्दानी बांध्नुपर्ने देखिएको रु | 154810.50 | | |
| ३.१ | | धरौटी खाताबाट अन्य खातालाई सापटी दिन नमिल्ने भएतापनि कार्यालयबाट गत विगतमा अन्य खातालाई सापटी स्वरुप रकम गएको पाइएको व्यहोरा आन्तरीक लेखापरीक्षण प्रतिवेदनले समेत औल्याएकोमा हालसम्म पनि धरौटी खाताबाट सापटी गएको रकम फिर्ता प्राप्त नभएको रु | ३७९०८६।८० | | |

| सि. नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | दैवी प्रकोप खाता हि. नं. ३१९ | ५०००।०० |
| २ | जिविस कोष हि. नं. १२ वि | १०००००।०० |
| ३ | प्रा. स. खाता हि. नं. १३४ | २००००।०० |
| ४ | प्रा. स. खाता हि. नं. १३४ (आ. व. ०४७/४८ बाट म. ले. प. बेरुजु) | ७४५८८।२० |
| ५ | जिविस कोष हि. नं. १२ वि | ५०००।०० |
| ६ | गा. वि. खाता ( आ. व. ०४५/४६ बाट म. ले. प. ) | ९७१३२।६० |
| ७ | ट्युबवेल खाता | ८१५।०० |
| ८ | प्रशासन अनुदान | १३७६८।५२ |
| ९ | सुर्यनारायण श्रेष्ठ ( सापटी, आ. व. ०४४/४५ भन्दा अगाडीको ) | ४५०।०० |
| १० | प्र. जि. अ. कार्यालय | १६३६।४९ |
| ११ | मदनप्रसाद श्रेष्ठ | १५००।०० |
| १२ | बालकृष्ण श्रेष्ठ | ३००।०० |
| १३ | गोविन्दप्रसाद चालिसे | ६००।०० |
| १४ | फडिन्द्र बन | १५०।०० |
| १५ | आ. व. ०४४/४५ अडिट प्रतिवेदनबाट बांकी | ४९९९७।३३ |
| १६ | इसु निर्माण सेवा ( आ. व. ०४९/५० सम्मको सापटी ) | ११८५।८४ |
| १७ | कुमार निर्माण सेवा | २०८८।३४ |
| १८ | अजित राजवंशी | २६७९।८० |
| १९ | ढाकाप्रसाद भट्टराई | १२९।८० |
| २० | ऋषिकुमार अग्रवाल | ५००।०० |
| २१ | नारायण उप्रेती | ६००।०० |
| २२ | अर्जुन निरौला | ५००।०० |
| २३ | टेकनाथ चापागाई | ४००।०० |
| २४ | निर्वाचन आयोग | ६४।८८ |
| | **जम्मा** | **३७९०८६।८०** |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | lhNnf ljsf; ;ldltn] lgoldt?kdf a}++s lx;fa ;dfof]hg tof/ gu/]sf sf/)f df}Hbft km/s kg{ uPsf] b]lvG% . यसरी बैंक समायोजन हिसाब तयार नगरी फरक मौज्दात देखाउनाले आर्थिक अभिलेख सारपूर्ण नहुने अवस्था रहन्छ । तसर्थ, धरौटी कारोवालाई आर्थिक ऐन नियम अनुकुल तुल्याउनेतर्फ कार्यालय सजग रहनुपर्ने देखिन्छ । | | | |
| ४ | | **आन्तरिक लेखापरीक्षण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्ने छ भन्ने उल्लेख छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५७ अनुसूची ८० मा उल्लेख भएका जिल्लाको जिल्ला विकास समितिमा सहायक स्तर र अन्य जिल्लामा अधिकृतस्तरको कर्मचारी प्रमुख र आवश्यकतानुसार सहायक कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ ।<br>यसैको आधारमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आ.ले.प. अधिकृत समेत ३ जना कर्मचारी दरवन्दी रहेको छ । आ.ले.प.शाखाले नियमानुसार आन्तरिक लेखापरीक्षण गरी समयमै प्रतिवेदन गर्नेतर्फ ध्यान नपुऱ्याउनाका कारणले यस्तो अवस्था रहनुका साथै नियमावलीको नियम ५८ मा व्यवस्था गरेका काम समेत नभएको पाइयो । यसबाट आन्तरिक लेखापरीक्षण र नियन्त्रण कार्य नियमित रुपमा भई कार्यक्रम सञ्चालन, आय व्यवस्था तथा भुक्तानी व्यवस्था प्रभावकारी बनाउने अवसरबाट वञ्चित रहनु परेको स्थिति छ । अतः नियमको भावना अनुरुप आन्तरिक लेखापरीक्षण प्रत्येक महिना सम्पन्न गरी प्रतिवेदन दिने तथा लेखापरीक्षणबाट औंल्याइएका बेरुजू र तत्सम्बन्धमा भएका कारबाही र शाखाको धारणा अन्तिम लेखापरीक्षणको समयमा लिखित रुपमा पेश गर्नुपर्दछ । त्यसको अतिरिक्त आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी वनाउन उक्त शाखाबाट नियमावलीले तोकेका देहायका कार्यहरु तोकेको समयमा हुनुपर्ने देखिन्छ ।<br>• जिल्ला विकास समिति अन्तर्गत विषयगत शाखा गा.वि.स.का आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।<br>• गाँउ विकास समितिहरुको बेरुजु लगत राखि सम्परिक्षण गर्ने गरेको पाइएन । | | | |
| ५ | | **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहीत लेखा राख्नु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको कार्यक्रमबाट भुक्तानी खर्च लेख्दा तथा पेश्की फछ्र्यौट गर्दा बिल भरपाई संलग्न गरेको देखिएन । | | | |

| सि. नं. | कार्यक्रमको नाम | विवरण | भुक्तानी गरेको व्यक्ति/फर्म संस्था | विल भर्पाई वेगर गरेको खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|
| १२-२०६९/४/३० | जिविस कोष चालू | विभिन्न ७ जना हात्ति पिडितलाई रु १५००।०० को दरलेखेको पत्रको | बाहुण्डागीँ गाविस मार्फत भुक्तानी | १०५००.०० | विभिन्न ७ जना हात्ति पिडितलाई वितरण गर्नका लागि गाविसले लेखेको |

| सि.नं. | भौ.नं.र मिति | विवरण | | | | | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आधारमा भुक्तानी | | | पत्रको आधारमा भुक्तानी | | |
| | | ६७-२०६९/६/५ | जिविस कोष चालू | ३ जनाको १३ महिनाको तलब | जिल्ला एड्स समन्वय समिति झापा | ३८६०००.०० | तलब भुक्तानी भएको भरपाई संलग्न नभएको | | |
| | | ६४-२०७०/२/२९ | एलजिसिडिपि | ४ जनालाई भएको भुक्तानी | अध्ययन अवलोकन पेश्की फर्छ्यौट | २०००.०० | बिलभरपाई संलग्न नभएको | | |
| | | २१-२०६९/९/१ | एलजिसिडिपि | नागरीक सचेतना केन्द्र को रकम भुक्तानी | न्याय तथा विकासका लागि सामाजिक सञ्जाल, बनियानी झापा | ३००००.०० | ना.स.के.को खातामा जम्मा गरेको छायाँकपी संलग्न भएको | | |
| | | २६-२०६९/११/८ | एलजिसिडिपि | रु ४०५०००।०० पे.फ, नागरीक सचेतना केन्द्र को भुक्तानी | झापा यूनेस्को संघ, नेपाल | १५००००.०० | नागरीक सचेतना केन्द्रका पदाधिकारीको व्यक्तिगत खाता र दाखिला गरेको भौचरको छाँयाप्रति संलग्न गरेको | | |
| | | ३०-२०६९/११/२४ | एलजिसिडिपि | नागरीक सचेतना केन्द्र को रकम भुक्तानी | चारपाने नागरीक सचेतना केन्द्र | १२००००.०० | नागरीक सचेतना केन्द्रका पदाधिकारीको व्यक्तिगत खाता र दाखिला गरेको भौचरको छाँयाप्रति संलग्न गरेको | | |
| | | ३३-२०६९/११/२४ | एलजिसिडिपि | नागरीक सचेतना केन्द्र को रकम भुक्तानी | सामुदायिक विकास मञ्च, ज्यामिरगढी | १२००००.०० | नागरीक सचेतना केन्द्रका पदाधिकारीको व्यक्तिगत खाता र दाखिला गरेको भौचरको छाँयाप्रति संलग्न गरेको | | |
| | | ४५-२०७०/१/१० | एलजिसिडिपि | नागरीक सचेतना केन्द्र को रकम भुक्तानी | विराट सामुदायिक अध्ययन केन्द्र | १६२५००.०० | नागरीक सचेतना केन्द्रका पदाधिकारीको व्यक्तिगत खाता र दाखिला गरेको भौचरको छाँयाप्रति संलग्न गरेको | | |
| | | ८५-२०७०/३/१८ | एलजिसिडिपि | नागरीक सचेतना केन्द्र को रकम भुक्तानी | - | २००००.०० | नागरीक सचेतना केन्द्रका पदाधिकारीको व्यक्तिगत खाता र दाखिला गरेको भौचरको छाँयाप्रति संलग्न गरेको | | |
| | | | | | **जम्मा** | १००१०००.०० | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>यसरी नियमावलीले तोकेको प्रक्रिया पुरा नगरी र खर्च प्रमाणित हुने विल भर्पाई संलग्न नराखी खर्च गरेको कारण भुक्तानी खर्च लेख्दा कार्यालयको आर्थिक अनुशासन कमजोर हुन जाने देखिन्छ । तसर्थ, नियमानुसारको बिल, भरपाई बेगर भुक्तानी खर्च लेखेको आधार र बिल भरपाई सहीतको सक्कल प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धीतबाट असुलउपर हुनुपर्ने रु.</td><td>१००१०००.००</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>बजेट व्यवस्थापन</td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td></td><td>एकमुष्ठ बजेट : स्थानीय स्वायत्त शासन ऐन, २०५६ को दफा १८८ अनुसार जिल्ला विकास समितिको बार्षिक बजेट योजना तथा कार्यक्रमहरु जिल्ला परिषद्बाट पारित गर्नुपर्ने व्यवस्था छ । यस जिल्ला विकास समितिको कार्यालयले आ.व.२०६९।७० को लागि जिल्ला परिषद्बाट बजेट तथा कार्यक्रम स्वीकृति गर्दा निम्न कार्यक्रमहरुको लागि कार्यक्रमगत रुपमा बजेट बांडफांट नगरी एकमुष्ट रुपमा बजेट विनियोजन गर्ने गरेको छ ।
<table>
<tr><th>सि. नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आकस्मिक योजना तथा कार्यक्रम</td><td>७००००००।००</td></tr>
<tr><td>२</td><td>विपद व्यवस्थापन</td><td>२५००००००।००</td></tr>
<tr><td>३</td><td>वैकल्पिक ऊर्जा तथा ग्रामिण विद्युतिकरण</td><td>५००००००।००</td></tr>
<tr><td>४</td><td>विद्यालयको भौतिक सुधारका लागि अनुदान</td><td>५००००००।००</td></tr>
<tr><td>५</td><td>विभिन्न कार्यक्रमको लागि म्याचिङ्ग फण्ड</td><td>८००००००।००</td></tr>
<tr><td>६</td><td>क्रमागत योजनाको भुक्तानी</td><td>१००००००।००</td></tr>
<tr><td>७</td><td>भारतीय दूताबास मु. अ. कर समायोजना</td><td>१००००००।००</td></tr>
<tr><td>८</td><td>आन्तरिक आमनीमा सहयोग पुऱ्याउने उ वा. संघ तथा अन्य संस्थालाई अनुदान</td><td>५००००००।००</td></tr>
<tr><td>९</td><td>पत्रकारसंग सम्बन्धित संघ संस्था अनुदान</td><td>५००००००।००</td></tr>
<tr><td>१०</td><td>धर्म, संस्कृति, कला, साहित्य</td><td>४२५००००।००</td></tr>
<tr><td>११</td><td>युवा तथा खेलकुद विकास कार्यक्रम</td><td>६००००००।००</td></tr>
<tr><td>१२</td><td>आकस्मिक रुपमा आईपर्ने विभिन्न शिर्षकमा विनियोजन गरी खर्च गर्ने</td><td>७००००००।००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९७२५००००।००</td></tr>
</table>
लक्षित कार्यक्रम अनुसार बजेट विनियोजन नगरी बजेट शीर्षकमा एकमुष्ट रकम राख्नुमा कानूनको परिपालना नहुनु र स्वविवेकीय रुपमा योजना बांडफांड गर्ने वातावरण सिर्जना गर्नु जस्ता कारण देखिन्छन् । एकमुष्ठ शीर्षकमा रकम विनियोजन गर्दा पहुंच र प्रभावका आधारमा कार्यक्रमहरु सञ्चालन हुने, कुनै कार्यक्रममा आवश्यकताभन्दा बढी रकम खर्च हुनसक्ने र कुनैमा बजेटको अभाव भई कार्यक्रम नै अधुरो हुन सक्ने अवस्था रहन्छ । जिल्ला परिषद्बाटै क्रियाकलापगत रुपमा बजेट बांडफांड गरी लक्षित कार्यक्रमहरु समयमै सम्झौता गरी कार्यान्वयन हुने, पहुंच र प्रभावका आधारमा कार्यक्रम सञ्चालन नहुने, कार्यक्रम सञ्चालन गर्दा बजेटको सुनिश्चितता गर्न शिर्षकमा बजेट एकमुष्ट राख्ने प्रणालीको अन्त्य हुनु जरुरी छ ।</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>७</td><td></td><td>

**लक्ष्य प्रगति सम्बन्धमा –** कार्यालयले निर्धारण गरेका लक्षित कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्नुपर्दछ । कार्यालयबाट पेश भएको प्रगती विवरण अनुसार निम्न कार्यक्रमहरुको प्रगती स्थिति निम्न अनुसार रहेको पाइयो ।

| क्र. सं. | प्रमुख कार्यहरु | इकाई | लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| १ | सडक ग्राभेल | कि. मि. | ११० | ४२।३९ |
| २ | सडक कालोपत्रे | कि. मि. | ८ | ४।४३ |
| ३ | सडक मर्मत सम्भार | कि. मि. | १५ | २३ |
| ४ | मोटरेवल पुल | थान | ६० | ४० |
| ५ | कल्भर्ट | थान | २७ | २७ |
| ६ | काठेपुल | थान | ३ | ३ |
| ७ | झोलुंगे पुल (निर्माणाधिन) | थान | ५ | ५ |
| ८ | सिंचाई | हेक्टर | १५ | १७ |
| ९ | नदी नियन्त्रण/तटवन्धन | थान | ३ | ३ |
| १० | विद्युत विस्तार | कि. मि. | ५ | ४ |
| ११ | खानेपानी योजना | वटा | १३ | ११ |
| १३ | शौचालय निर्माण | थान | ८० | ८० |
| १४ | विद्यालय/क्याम्पस/वाल विकास भवन | थान | ४१ | ४१ |
| १५ | सामुदायिक भवन | थान | ३ | ३ |
| १६ | गा. वि. स. भवन | थान | ३ | ३ |
| १७ | स्वास्थ्य चौकी भवन | थान | २ | २ |
| १८ | मन्दिर | थान | ९ | ९ |
| १९ | गुम्वा | थान | ३ | ३ |
| २० | मस्जिद/मदरशा | थान | ११ | ११ |

यसरी कार्यक्रम पूर्ण रुपमा सम्पन्न नहुनुमा कार्यान्वयन प्रक्रिया ढिलो तथा  अनुगमन कार्य प्रभावकारी नहुनु हुनसक्छ । यसबाट बजेट निस्क्रिय रहने र प्रयोग भएको बजेटबाट पनि उचित प्रतिफल नपाउने अवस्था रहन्छ । योजनाहरु समयमै कार्यान्वयन गर्ने तथा यथासमयमै टुङ्गयाउन अनुगमन तथा निरीक्षण गरी शत प्रतिशत प्रगती हासिल गर्नेतर्फ कार्यालय अझै बढी सक्रिय हुनुपर्दछ ।

</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>

**खरिद व्यवस्थापन**

</td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td></td><td>

**कर विजक :** मूल्य अभिवृद्धी कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा कर अधिकृतले अन्यथा स्विकृत गरेदेखी बाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ ।

</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | यस जिल्ला विकास समितिले निम्नानुसार कैफियत देखिएका कर विजकबाट मुल्य अभिवृद्धी कर भुक्तानी दिएको पाइएकोले उक्त मु.अ.कर भुक्तानीका सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मु.अ.कर समायोजनको विवरण पेश गर्ने अन्यथा सम्वन्धीत निर्माण व्यवसायी/आपूर्तकवाट असुल गर्नुपर्ने देखिएको रु. | ६६१७५३.१८ | | |

| भौ.नं./मिति | योजना/विवरण | वजेट शिर्षक/कार्यक्रम | भुक्तानी पाउने व्यक्ति/फर्म | मु.अ.कर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ७-२०७०/३/२५ | फेरेगौडा खन्युडाँडा झो.पु. | ग्रामिण पहुँच सुधार कार्यक्रम | अधिकारी निर्माण सेवा, गोरखा | ५१५८४.५२ | विजक जारी भएको मिति उल्लेख नभएको |
| ५-२०७०/२/३० | देउरीया खोला पुल निर्माण र अनारमणी गाविस अदुवाखोला पुल निर्माण | स्थानीय स्तरका सडक पुल | सिम्लेश्वर विल्डर्स | ६२४४०.३०<br>६००४०.०० | दुवै कर विजकको विजक नं. १६ उल्लेख भएको |
| ५०-२०७०/३/१३ | चारआली नारायणचौर हात्तिकिल्ला सडक निर्माण | स्थानीय यातायात पूर्वाधार | लक्ष्मी निर्माण सेवा | ३४३९८.०० | कर विजक जारी भएको मिति उल्लेख नभएको |
| २३३-२०७०/३/२० | रु ७६१७७.०० बराबरका विल भुक्तानी | कोष चालू | पाथिभरा फोटोकपी सेन्टर | ७६१७७.०० | विजक नं. नै नभएका विलबाट भुक्तानी |
| १०-२०६९/५/६ | विल भुक्तानी | कोष पूँजीगत | खरेल काष्ठ फर्निचर उद्योग | ५३४३०.०० | सिलसिलेवार नं. मा टिपेक्स लगाएको र सच्चाएको |
| २७१-२०७०/१/९ | घैला डब्बा ३ लक्ष्मी ओली घर उत्तर प.विद्युत विस्तार | कोष पूँजीगत | जनता केवल इन्डस्ट्रिज प्रा.लि. | २८०८.०० | विजक नं. नै नभएको |
| ५१-२०६९/१२/२९ | बलभद्र उ.मा.वि. र हडिया नदी नियन्त्रण | भारतीय दुतावास | तुलसीभक्त कन्स्ट्रक्सन | १८९७४०.१५ | कर विजक बेगर भुक्तानी |
| ३२-२०६९/५/३ | आदर्श विद्यामन्दीर उ.मा.वि. कम्पाउन्ड वाल निर्माण | भारतीय दुतावास | सुम्निमा कन्स्क्सन | ९२४०.५९ | कर विजक केरमेट |
| १९-२०६९/५/२७ | | | | २९३४४.५९ | कर विजक केरमेट |
| २३-२०६९/६/१६ | | | | १२७९१.०० | कर विजक केरमेट |
| २५-२०६९/६/१६ | | | | ७९७५९.०३ | कर विजक केरमेट |

कार्यालयले कर विजकबाट मू.अ.करको भुक्तानी दिँदा कर विजक निर्धारित ढाँचामा भए नभएको वा केरमेट भए नभएको परीक्षण नगरी भुक्तानी दिँदा यस्तो भएको देखिन्छ । जसले गर्दा राज्य कोषमा जानुपर्ने संकलित मूल्य अभिवृद्धि कर छली हुने सम्भावना रहन्छ । तसर्थ, नियमावलीले निर्दिष्ट गरेको ढाँचामा प्राप्त भएको विजकबाट मात्र मू.अ.कर भुक्तानी दिने कार्यमा कार्यालय सचेत हुनुपर्दछ ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ८.१ | | कार्यालयबाट भारतीय दुतावास कार्यक्रम अन्तर्गत सञ्चालन भएका निम्न योजनामा विभिन्न भुक्तानी भएको मु. अ. कर रु १००१६२३८.०१ मध्ये केही निर्माण व्यवसायीले सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला भएको नपाइएको व्यहोरा सहित निम्नानुसारको व्यहोरा आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा समावेश गरेको पाइयो । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | (तलको तालिका र विवरण) | १००१६२३८।०१ | | |

| योजनाको नाम | ठेकेदारको नाम | जम्मा विल रकम | मु. अ. कर |
|---|---|---|---|
| **लक्ष्मी उच्च मावि, बनियानी** | दिवा निर्माण सेवा | २३९८०४०४।६५ | २७५८८०८।६५ |
| **पथरिया उच्च मावि, पथरिया** | टक्सार/जयघटाल/न्यू हिमचूली जे.भी. | २५०६२०३८।५५ | ३३५२८४३।६८ |
| **मंगलमय उमावि, लखनपुर** | धुकुछु/सिवाको/राजधानी जे.भी. | २२७०२७६४।१६ | २६११८४६।५९ |
| **शान्ती आदर्श मावि, शान्तिनगर** | हिमदुङ्ग/थोकर/अमर/न्यू हिमचूली जे.भी. | ११२३६८८६।०९ | १२९२७३९।०९ |
| | **जम्मा** | **८२९८२०९३।४५** | **१००१६२३८।०१** |

यसरी सम्बन्धित निर्माण व्यवसायी मू.अ.कर दाखिलामा उदासिन रहनुमा निजहरुको गैरव्यावसायीक आचरण प्रमुख कारण हो भने व्यवसायीबाट भएको यस्तो गैरजिम्मेवार कार्यका सम्बन्धमा कार्यालयले समयमै प्रभावकारी कदम चाल्न नसक्नु समेत अर्को जिम्मेवार कारण हो । यसबाट राज्यकोषमा दाखिला हुनुपर्ने मु.अ.कर रकम समयमै दाखिला नहुने, स्थानीय निकायले फिर्ता प्राप्त गर्नुपर्ने मु.अ.कर रकम समयमै प्राप्त नहुंदा स्थानीय निकायका क्रियाकलापमा प्रत्यक्ष असर पर्ने तथा कारोवारको फरफारक समयमै सम्पन्न हुन नसकी लेखांकनको निरन्तर बोझ कार्यालयले लिनुपर्ने हुन्छ । तसर्थ, यस्तो अवस्थाको निराकरणका लागी सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी भएको मु. अ. कर रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको विवरण सहित मु.अ.कर समायोजन प्रमाण यथाशीघ्र पेश गर्नुपर्ने देखिएको रु — १००१६२३८।०१

९

**lgdf{)f sfo{df k|lt:kwf{ M** ;fj{hlgs vl/b P]g 2063 sf] bkmf 24 -ª_ df bkmf 26 -6_ adf]lhd cfk;df ldn]dtf] u/L bflvnf ePsf] af]nkq pk/ sf/afxL ug{ gx'g] Joj:yf % . o;}u/L P]gsf] bkmf 26 -6_ df s'g} af]nkqbftfn] cfk;df ldn]dtf] u/L af]nkq bflvnf u/]sf] k|dfl)ft ePdf To:tf] af]nkq /@ ug'{kg]{ Joj:yf % .

n]vfk/LIf)f *f]/nfO{ k|fKt ePsf] ljj/)f cg';f/ af]nkq ljqmL, bflvnf tyf lkmtf{sf] cj:yf lgDgfg';f/ /x]sf] kfOof] .

| क.स. | योजनाको नाम | ठेक्का संख्या | बोलपत्र विक्री संख्या | बोलपत्र दाखिला संख्या | बोलपत्र फिर्ता संख्या | लागत अनुमान | स्वीकृत रकम |
|---|---|---|---|---|---|---|---|
| १ | शैनिकमोड गोल्धाप सडक मर्मत | सडक बोर्ड १ | १८ | ६ | ० | ८,२८,७७४।१८ | ४,९७,२५०।०० |
| २ | चारपाने राजगढ सडकमर्मत | सडक बोर्ड १ | १७ | १४ | ० | ८,४७,८९३।६० | ४,६७,९७६।०० |
| ३ | बस पार्क प्रवेश मार्ग विर्तामोड | सडक बोर्ड १ | १५ | ६ | ० | १०,१७,७२३।०९ | ५,१६,९६०।०० |
| ४ | गरामनी हल्दिवारी (नेत्र मार्ग) सडक मर्मत | सडक बोर्ड १ | १४ | ७ | १ | १०,६१,७९८।४० | ५,४०,०००।०० |
| ७ | बलभद्र उमावि भवन निर्माण तथा हडिया खोला नियन्त्रण | भारतिय राजदुतावास १ | १० | ८ | ० | ३,२६,२२,४४६।६६ | २,६४,५९,८९९।३९ |
| ८ | शैनिकमोड गोल्धाप सडक मर्मत | स्वाप १ | ९ | ७ | ० | ८,८९,५११।०५ | ४,६६,२००।०० |
| ९ | पाडाजुंगी झर्का वालुवथान खजुरगाछी सडक मर्मत | स्वाप १ | ११ | ५ | ० | ७,८५,२४४।९० | ३,२५,०००।०० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | सुरुङ्गा मदरगाछ ( लक्ष्मि मार्ग) | स्वाप १ | ६ | ४ | ० | ५,७१,७४७।७४ | २,४५,०००।०० |
| ११ | झिलझिले धौलेचौक हवल्दारचौक सडक कालोपत्रे | स्वाप १ | ७ | ५ | ० | ८,६३,७९६।३७ | ५,०९,३४०।०० |
| १२ | इटाभट्टा भृकुटी निन्दा सडक कालोपत्रे | स्वाप १ | ७ | ४ | ० | ४,६३,३४८।९५ | २,६२,८००।०० |
| १३ | बुधवारे रिङ्ग रोड ग्राभेल | स्वाप १ | ११ | ६ | ० | ४,४०,९०१।०८ | २,१५,६००।०० |
| १४ | डुडामारी पुल निर्माण | स्वाप १ | ९ | ४ | ० | ८,८४,८८२।२२ | ८,१२,४४४।८५ |
| १५ | कुरुङ्गा खोला पुल निर्माण | स्वाप १ | १० | ५ | ० | ८,८५,०९०।१० | ८,१४,२०१।२५ |
| १६ | आदिवासी जनजाती भवन निर्माण | अनुदान | ८ | ४ | ० | ६,९०,३०६।६१ | ६,०४,१५३।३८ |
| १७ | चारपाने राजगढ सडक कालोपत्रे | स्वाप १ | १० | ९ | ० | ११,४३,८१६।५ | ५,८३,३३४।९४ |
| १८ | गरमानी हल्दिवारी सडक कालोपत्रे | स्वाप १ | १३ | १२ | ० | ११,६२,२५३।६५ | ५,९९,९००।०० |
| १९ | केर्खा क्याम्पा सडक कालोपत्रे | स्वाप १ | ७ | ४ | ० | ११,५०,६४८।६९ | ५,७२,४७५।०० |
| २० | धरमपुर पांचगाछी सडक कालोपत्रे | स्वाप १ | ९ | ८ | ० | ११,५१,१०६।२१ | ६,७६,५७६।३२ |
| २१ | राइसिङ्ग खोला पुल निर्माण | स्वाप १ | ९ | ८ | ० | १०,८९,७४३।६६ | ७,११,५१०।४१ |
| २२ | फेरेगौडा खुन्यु गौडा झो पु | झो.पु | ५ | २ | ० | ३६१८०३१।१० | ३०६४२३१।३५ |
| २३ | काकरभिट्टा बाहुण्डागी सडक मर्मत | RTI_SWAP | ४३ | २६ | २ | ७७७५२४९।०० | ४२८७३८१।६० |
| २४ | सगरमाथा हल्दिवारी राजगढ सडक मर्मत | RTI_SWAP | १९ | १७ | ३ | ७७२५९५५।४९ | ३६४६६०६।२८ |
| २५ | चारपाने हत्तिकिल्ला सडक मर्मत | RTI_SWAP | १९ | १६ | ० | ४२५४०२५।८७ | २४०६९५१।५१ |
| २६ | दुधे शिवगञ्ज कोरोवारी सडक मर्मत | RTI_SWAP | १३ | ९ | ० | ४७४०३८३।४८ | २२३९४४१।०३ |
| २७ | गौरादह स्वामीचौक जुरोपानी सडक मर्मत | RTI_SWAP | १४ | ११ | १ | ७२०७६०२।७६ | ३३६९६५६।१८ |
| २८ | धरमपुर पांचगाछी सडक मर्मत | RTI_SWAP | १५ | १२ | १ | ६२४५०७२।०३ | ३७५३२६७।२० |
| २९ | पथरिया घेरावारी सडक मर्मत | RTI_SWAP | ८ | ४ | ० | १९९८९८०।१० | १९६७१४१।४६ |
| ३० | झो.पु. फेब्रीकेशन | ग्रामिण पहुंच र झो.पे.५ | ४ | ४ | ० | ३८,३८,१९८।१९ | ३०,७४,७५२।७४ |
| ३१ | तारजाली खरिद | कोष | १२ | ३ | ० | ९,०४,३८९।६२ | ९,०१,०६२।०० |

pk/f]Qm adf]lhd &]Ssfsf] nflu af]nkq ljqmL pT;fxk|b gb]lvPsf], ljqmL ePsfdWo] klg w]/}h;f]df af]nkq btf{ sd ePsf] cj:yf b]lvg cfof] ljB'lto &]Ssf k|)ffnLaf^ &]Ssf k|lqmof ;~rfng u/]sf]n] l;ldt k|lt:kwf{nfO{ lgoGq)f ug{ g;s]sf] sfof{nosf] egfO /x]tfkgL af]nkq d"Nof+sg ;ldltn] ljqmL ePsf ;Dk")f{ af]nkq bflvnf x'g g;Sg'sf] sf/)f;lxt af]nkq vl/bstf{x?;+u hfgsf/L lnO{ ldn]dtf] eP gePsf] Plsg u/L ldn]dtf] gePsf] cj:yfdf dfq af]nkq :jLs[t ug'{kg]{df ;DjlGwt af]nkq vl/bjfnfx?;+u af]nkq k]z gug'{sf] sf/)faf/] hfgsf/L ;d]t glnO{ &]Ssf k|bfg u/]sf] kfOof] . kmn:j?k af]nkqbftfsf] ;+Vof Go"g x'g uO{ kof{Kt dfqfdf k|lt:kwf{ ePsf] b]lvPg .

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | pQm &]Ssfx?df nfut cg'dfg / :jLs[t &]s c+s jLr t'ngf ubf{ s]xL &]Ssfdf nfut cg'dfgsf] t'ngfdf Go"g k\|ltzt sd c+sdf &]Ssf :jLs[t ePsf] % . o;af^ klg ljlQo k\|:tfj jLr kof{Kt dfqfdf k\|lt:kwf{ ePsf] % egL olsg x'g] cfwf/ b]lvPg . ctM sfg"gn] tf]s]sf] Joj:yf cg';f/ af]nkqbftf jLr k\|of{Kt k\|lt:kwf{ ;'lglZrt ug{ af]nkqbftfx?sf] ljrdf ldn]dtf] eP gePsf] ;DjGwdf Plsg u/L ldn]dtf] gePsf] cj:yfdf dfq af]nkq :jLs[t u/L cfo ;+sng ug'{ kb{% . | | | |
| १० | | **मूल्य समायोजन –** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १५ महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मुल्य समायोजन गर्न आवश्यक अधिकार प्राप्त अधिकारीले मुल्य समायोजन गर्न सक्ने र सार्वजनिक खरिद नियमावलीको नियम १९९ (१) मा सार्वजनिक निकायले मुल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। | | | |

| सि. नं. | योजनाको नाम | ठेकेदारको नाम | गो.भौ.नं., मिति | सम्झौता मिति | सम्पन्न मिति | सम्झौता अंक | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | विरिङ्ग कज्वे, खुदुनावारी | तामाङ्ग शिवाको राजधानी जेभी | ३–०६९।४।३ | ०६४।१२।२ | ०६९।३।२५ | २६७५८६७२।५५ | ५२२०९३१।०० |
| २ | टेकबहादुर गिरी बसपार्क, विर्तामोड | एट्लस इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रालि | ५–०६९।४।४ | ०६४।१२।१ | ०६८।२।१ | २३५७४९१६।२१ | ३८०७००८।०० |
| ३ | आदर्श विद्या मन्दिर भवन, घैलाडुब्बा | आशिष न्यूहिमचुली जेभी | ८–०६९।४।२३ | ०६४।२।८ | ०६६।१०।३० | १७०८८१३९।७२ | ३४२९७४७।०० |
| ४ | जतना मावि, बाहुण्डांगी | युनाईटेड विल्डर्स क्याल्भिन कन्स्ट्रक्सन प्रालि | २४–०६९।६।१६ | ०६४।१२।१ | ०६९।३।२९ | २१२८३१०४।४८ | ४२५१९१५।४१ |
| ५ | आदर्श विद्या मन्दिर कम्पाउण्ड वाल | सुम्निमा कन्स्ट्रक्सन | २५–०६९।६।१६ | ०६४।११।२४ | ०६९।६।१५ | ३३७७५४६।२३ | ६९३२९०।०० |
| | | | | | | जम्मा | **१७४०२८९१।४१** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | यसरी निर्माण कार्य सम्पन्न गरी फरफारक समेत भईसकेको अवस्थामा पहुँच, प्रभाव र दवावका आधारमा वैदेशिक नियोगबाट मुल्य समायोजन वापतको रकम भुक्तानीका लागि रकम निकासा गराई मुल्य समायोजन वापत भुक्तानी हुनु यसको प्रमुख कारण हो। यसबाट सरकारी निकायलाई भविष्यमा ऐन, नियमको व्यवस्था परिपालन गराउनमा समस्या सिर्जना हुन सक्ने, मुल्य समायोजनको व्यवस्था दुरुपयोग भई थप दायित्व र कार्य बोझ थपिन जाने हुन सक्छ। अतः निर्माण कार्य सम्पन्न गरी फरफारक समेत भइसकेको अवस्थामा ऐन, नियमको अवधि र प्रक्रिया विपरित भुक्तानी भएको मुल्य समायोजन अनियमित देखिएको रु. | **१७४०२८९१।४१** | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ११ | | **कार्यतालिकाको अनुशरण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १(ख) मा सम्झौता कार्यान्वयन सम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेको छ ।<br>कार्यालयले यस आर्थिक वर्षमा विभिन्न योजानाहरु सञ्चालन गर्न निर्माण व्यवसायीहरुसंग सम्झौता गरेकोमा नियमावलीमा उल्लेख गरे अनुसार केही योजनामा कार्यतालिका तयार गरेता पनि कुनै पनि योजनामा सो को अनुसरण निर्माण व्यवसायीले गरेको पाइएन । कार्यतालिको अनुशरण नभएका केही उदाहरण देहायअनुसार छन् : | | | |

| सि.नं. | कार्यक्रमको नाम | योजनाको नाम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १. | भारतीय दुतावास सहयोग | बलभद्र उच्च मावि भवन निर्माण तथा हडिया खोला नियन्त्रण | तुलसीभक्त कन्स्ट्रक्सन प्रालि |
| २. | भारतीय दुतावास सहयोग | मंगलमय उच्च मावि भवन निर्माण, लखनपुर | धुकुछु शिवाको राजधानी जेभी |
| ३. | **SWAP** | फेरेगौंडा खन्युगौंडा झो. पु. | अधिकारी निर्माण सेवा |

कार्यतालिको अनुसरण गरी सोको पूर्ण परिपालनाद्धारा समयमै कार्य सम्पादन गराउन सम्बन्धित निर्माण व्यवसायी र कार्यालयले समेत सम्वेदनशील ढंगले नलाग्दा यस्तो अवस्था आएको देखिन्छ । यसले गर्दा निर्माण कार्य समयमै सम्पन्न नहुनुका साथै निर्माण कार्यको लागत समेत बढ्न जाने देखिन्छ । तसर्थ कार्यालयले सम्बन्धित निर्माण व्यवसायीहरुलाई कार्यतालिका अनुसार कार्य गराउन संवेदनशील हुनुपर्ने देखिन्छ ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १२ | | **बढी भुक्तानी :** कुनैपनि सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा सम्झौताको शर्तको अधिनमा रही निर्धारित ढाँचामा बिलबिजक प्राप्त गरेर मात्र गर्नुपर्दछ । कार्यालयले निम्नानुसारको विवरण बमोजिम भुक्तानी गरेको पाइयो । | | | |

| सि.नं. | कार्यक्रमको नाम | विवरण | भुक्तानी लिनेको नाम | बढी भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | जिविस अनुदान | तालिम कार्यक्रम सञ्चालन | पूर्वाञ्चल प्राविधिक शिक्षालय | ५०७०.०० | विजक नं. १ मिति २०७०।२।८ को विल रकम रु २६१०००।०० मा बढी दावी भएको मु.अ.कर भुक्तानी भएको |
| २. | जिविस कोष चालू | सिम नेपालसँगको सम्झौता कार्यान्वयन | वातावरण अधिकृत ज्ञानेन्द्र चौधरीको पर्व खर्चक भुक्तानी | १००००.०० | पर्व खर्च सम्बन्धित संस्थाले व्यहोर्ने सम्झौता भएकोमा कार्यालयले सम्पूर्ण रकम भुक्तानी गरेको |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>१५०७०.००</td><td></td></tr></table>
कार्यालयले भुक्तानी पूर्व विलभरपाईको आवश्यक रुजू नगरेको तथा सम्झौताको शर्तको पालनामा यथोचित ध्यान नपुऱ्याएको कारण मु.अ.कर रकम र पर्व खर्च बापतको भुक्तानीमा रु १००००।०० बढी भुक्तानी भएको देखिन्छ । जसले कार्यालयको प्रशासनिक व्ययभार बढ्नुको साथै कार्यालयको भुक्तानी प्रक्रिया त्रुटिपूर्ण रहने गरेको छ भन्ने अवस्थालाई देखाउँछ । तसर्थ, यस्ता सम्झौता गर्दा सम्बन्धित संस्था एवं कर्मचारीबाट आवधिक प्रतिवेदन लिने व्यवस्था सहित बढी भुक्तानी भएको रु १००००।०० सम्बन्धित संस्थाबाट तथा बढी भुक्तानी भएको मु.अ.कर रकम सम्बन्धीतबाट असुलउपर गरी राजश्व दाखिला गर्नुपर्ने देखिएको रु</td><td>१५०७०.००</td><td></td><td></td></tr>
<tr><td>१३</td><td></td><td>कन्टेन्जेन्सी : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १४ (१) मा जिल्ला विकास समितिको आफनो स्रोतवाट सञ्चालित वा अन्य निकायको कार्यक्रम/आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्तअनुसार सञ्चालनमा सहयोग पुऱ्याउन पूँजीगत लगानीको समष्टिगत रकमवाट अनुसूची ९ मा उल्लेख भए वमोजिम 'क' 'ख' र 'ग' वर्गका जिल्लामा क्रमश ५, ४ र ३ प्रतिशत रकम छुट्याई खर्च गर्न सकिने र यस्तो खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ ।<br>कार्यालयले कार्यविधिको व्यवस्था अनुरुप कन्टेन्जेन्सी खाता र खर्चको विवरण राखेको छैन । कार्यविधिको पालना नगरी खर्च गर्ने तथा विनियोजित वजेटलाई मात्र आधार मान्ने तर कार्यक्रममा हुने यथार्थ खर्चको अनुमान नगरी खर्च गर्ने, वजेट फ्रिज हुने अवस्थामा पनि कन्टिजेन्सी खर्च गरिहाल्न सहज वातावरण तयार गर्नका लागि कन्टिजेन्सी खाता नराख्ने अवस्था आएको देखिन्छ । सम्वन्धीत योजनाको अनुगमन, मूल्यांकन, रेखदेखको लागि कन्टिजेन्सी खर्च नहुने, पूँजिगत लगानीको समष्टिगत रकम भन्दा वढी खर्च हुने, वजेट फ्रिज नगराउन वढी खर्च हुने, वास्तविक योजनाको लागि भन्दा अन्य प्रयोजनको लागि खर्च हुने, कार्यविधिले तोकेका अनुसूची अनुसारको ढांचामा खर्च विवरण नराख्नाले वास्तविक कति खर्च हुन गयो सो को अभिलेख नदेखिने जस्ता प्रभाव रहन्छ । तसर्थ, कार्यविधिले तोकेको विधि र प्रक्रियाबमोजिम कन्टेन्जेन्सी खाता र खर्च सम्बन्धि कार्ययोजना परिषदबाट परित गराई तोकिएका क्रियाकलापमा खर्च गर्ने परिपाटीको विकास कार्यालयले गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>१४</td><td></td><td>म्याद थप : कार्यालयले विद्युत विकास कार्यक्रमअन्तर्गत निर्माण व्यवसायीसँग भएका सम्झौताको शर्तमा निर्माण व्यवसायीबाट कार्यसम्पन्न समयमै गर्नका लागि कार्यतालिकाको व्यवस्था गरी सम्झौतामा तोकेको अवधिमा कार्य सम्पादन गर्ने व्यवस्था गरेको छ । कार्यालयले सञ्चालन गरेका निम्न योजनामा ठेक्काको अवधी निम्नानुसार थप गरेको पाइयो ।
<table>
<tr><th rowspan="2">क्र.सं</th><th rowspan="2">कार्यक्रम/योजनाको नाम</th><th colspan="3">म्याद थप भएको ठेक्का संख्या</th></tr>
<tr><th>सुरु अवधिको ५०% सम्म थप</th><th>सुरु अवधिको ५१ देखि १००% सम्म थप</th><th>शतप्रतिशतभन्दा बढी अवधि थप</th></tr>
</table></td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | काकरभिट्टा बाहुण्डागी सडक मर्मत | - | - | ✓ |
| २ | सगरमाथा हल्दिवारी राजगढ सडक मर्मत | - | - | ✓ |
| ३ | चारपाने हत्तिकिल्ला सडक मर्मत | - | - | ✓ |
| ४ | दुधे शिवगञ्ज कोरोवारी सडक मर्मत | - | - | ✓ |
| ५ | गौरादह स्वामीचौक जुरोपानी सडक मर्मत | - | - | ✓ |
| ६ | धरमपुर पांचगाछी सडक मर्मत | - | - | ✓ |
| ७ | पथरिया घेरावारी सडक मर्मत | - | - | ✓ |
| ८ | मंगलमय उ. मा. वि. भवन निर्माण लखनपुर (भारतीय राजदुतावास) | ✓ | - | - |
| ९ | वलभद्र उ. मा. वि. भवन निर्माण तथा हडिया नदी नियन्त्रण धाइजन | ✓ | - | - |

उपरोक्त विवरणअनुसार कार्यालयले निर्माण व्यवसायीलाई समयमा कार्य सम्पन्न गराउनका लागि कुनै किसिमको ताकेता गरेको लिखित कागजात समेत लेखापरीक्षणको क्रममा पेश नगरेकोले के कति कारणले कार्यसम्पन्न हुन नसकेको हो भन्नेमा यकिन गर्न सकिएन । र्यालयबाट नियमित निगरानी गरी समयमै कार्य गराउने तर्फ उचित ध्यान नपुऱ्याएका कारण यस्तो हुन गएको देखिन्छ । जसले गर्दा सञ्चालित योजना समयमा सम्पन्न नभई आयोजना लागत समेत वृद्धि हुन जाने अवस्था सिर्जना हुन्छ । अतः म्याद थप गर्नुपूर्व पर्याप्त पुष्ट्याई र आधार सहित सकेसम्म म्याद थप गर्नुनपर्ने वातावरण तयार गर्नेतर्फ कार्यालय सक्रिय हुनुपर्ने देखिएको छ ।

१५

**नापी किताब :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल वा विजकको भुक्तानी गर्ने व्यवस्था छ । साथै नापी किताब तयार गर्दा म.ले.प.फा.नं. १९२ अनुसारको नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने, साइट रजिष्टर र आइटमवाइज रजिष्टरको आधारमा मात्र नापी किताब प्रयोग गर्ने व्यवस्था रहेको छ ।

कार्यालयबाट यस वर्ष सञ्चालित कतिपय योजना एवं निर्माण कार्यको नापी किताब कम्प्यूटरकृत गरी केवल योजनाको फरफारक एवं भुक्तानी गर्ने प्रयोजनका लागी लुज सिटको रुपमामात्र तयार गर्ने गरेको तर कार्यको वास्तविक एवं यथार्थपरक मूल्य खुलाउने प्रमाणको रुपमा नापी किताब तयार गर्ने गरेतापनि सो को नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने, साइट रजिष्टर तथा आइटमवाइज रजिष्टरका आधारमा नापी किताब तयार गर्ने गरेको पाइएन । कार्यालयले कानूनमा भएको व्यवस्थालाई अवलम्बन गर्नुमा उचित ध्यान नपुऱ्याउनु नै यसको कारण रहेको छ । यसरी साइट रजिष्टर र आइटमवाइज रजिष्टरका आधारमा नापजाँचको प्रविष्टी नगर्ने, नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर नराख्ने तथा कम्प्यूटर डाटाको सुरक्षण एवं ब्याकअपसमेतको व्यवस्था नगर्नाले निर्मित संरचना र सम्पत्तिको यथार्थ मूल्यांकन नहुनुको साथै आवश्यक सम्भार समेत नभई संरचनामा गरेको ठूलो लगानी खेर जान सक्ने सम्भावना रहन्छ । अत, कार्यालयले कुनैपनि कार्यको नापजाँच एवं मूल्यांकन गर्दा साइट रजिष्टर र आइटमवाइज रजिष्टरलाई

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | आधार मानी म.ले.प.फा.नं. १९२ अनुसार नापी किताब नियन्त्रण खातामा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने र कम्प्युटरकृत डाटाको सुरक्षण र ब्याकपको समुचित व्यवस्थाको प्रवन्ध गर्नु अत्यन्तै जरुरी देखिएको छ । | | | |
| १६ | | **मू.अ.करको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क बमोजिम ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का संझौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई कर भुक्तानी सम्बन्धित ठेकदारलाई गर्नुपर्ने व्यवस्था छ ।<br><br>कार्यालयले यस आ.व.मा लगाएका ठेक्का एवं वस्तु तथा सेवा आपूर्तकलाई मुल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई कुनै पनि जानकारी दिएको पाइएन । मू.अ.करका सम्बन्धमा नियममा भएको व्यवस्थाको परिपालनामा कार्यालय उदासिन भएका कारण यस्तो हुन गएको देखिन्छ । यसबाट कार्यालयबाट मु.अ.कर भुक्तानी हुने तर सो रकम राज्य कोषमा दाखिला नहुने सम्भावना समेत रहन्छ । अत : सम्झौता भइसकेपछि वा कर भुक्तानी गर्ने समयमा मु.अ.कर भुक्तानीको विवरण सम्बन्धीत आन्तरीक राजस्व कार्यालयमा जानकारी दिनेतर्फ कार्यालय संवेदनशील हुनुपर्ने देखिन्छ । | | | |
| १७ | | **खरिद कारवाहीको अभिलेख :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७२ मा सार्वजनिक निकायले खरिद कारबाहीसम्बन्धी कागजातको अभिलेख तोकिएबमोजिमको अवधिको लागि सुरक्षित तरिकाले राख्नुपर्ने व्यवस्था गरेको छ । साथै, सार्वजनिक खरिद नियमावलीको नियम १११ (१) झ मा सम्झौता कार्यान्वयनसँग सम्बन्धित कागाजत सिलसिलाबद्ध र व्यवस्थित ढंगले राख्नुपर्ने तथा नियम १४९ (१) (२) र (३) मा सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने व्यवस्था गरेको छ ।<br>कार्यालयले यस आर्थिक वर्षमा गरेका खरिदसम्बन्धी फाइल एवं कागजातहरु सिलसिलाबद्ध र निर्धारित ढाँचामा फाइल खडा गरी अभिलेख गरेको पाइएन । यसरी खरिद कारवाहीको लागि छुट्टै फाइल खडा नगरी फरक फरक शाखा र कर्मचारीसँग राख्नुको कारणमा आन्तरिक समन्वय तथा नियन्त्रणको अभाव मुख्य रहेको छ । यसबाट खरिद प्रक्रिया पारदर्शी नहुने, खरिद कार्यको फरफारकमा त्रुटी हुने सम्भावन रहने, कागाजातहरु खोजेको समयमा नपाइने तथा असुरक्षित रहन सक्ने हुन्छ । तसर्थ, ऐन र नियमावलीले तोकेको ढांचा र प्रक्रियाबमोजिमका कागजातहरु छुट्टै फाइल खडा गरी राख्नेतर्फ कार्यालय गम्भीर हुनुपर्ने देखिन्छ । | | | |
| | | **जिन्सी व्यवस्थापन** | | | |
| १८ | | **जिन्सी** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनुपर्ने व्यवस्था छ । यसैगरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नुपर्ने मालसामान ६ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिनाभित्र गरी सक्नुपर्ने व्यवस्था छ । साथै सोही नियमावलीको नियम २१२ (१) अनुसार स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तान्तरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई मालसामान प्राप्त भएको मितिले ७ दिनभित्र जिन्सी किताबमा आम्दानी बांधी लगत तयार गरी अद्यावधिक गर्ने व्यवस्था छ ।<br>कार्यालयले (आर्थिक बर्ष २०६९।७०) को जिन्सी निरीक्षणको प्रतिवेदनमा मर्मत सम्भार तथा लिलाम गर्नुपर्ने भनी औंल्याइएकोमा सो सम्बन्धि कारवाही अगाडी बढाएको पाइएन । साथै, स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तान्तरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई लगत तयार गरी अद्यावधिक गर्ने र प्रतिवेदनले औंल्याएका व्यहोराको कार्यान्वयन गरे गराएको पाइएन ।<br>लिलाम योग्य सामान लिलामी नहुँदा सामानको वर्तमान मूल्यमा ऱ्हास आउने, अनावश्यक रुपमा भण्डारको क्षेत्र ओगट्ने, भण्डार व्यवस्थापन चुस्त तथा दुरुस्त हुन नसक्ने जस्ता प्रभाव परेको देखिन्छ । नियममा उल्लेखित व्यवस्था अनुसार मर्मत हुनसक्ने सामानहरुलाई मर्मत गरी प्रयोगमा ल्याउने तथा लिलाम गर्नुपर्ने भनी औंल्याईएका सामानहरुलाई समयमै लिलाम गरी भण्डार व्यवस्थापनलाई छरितो पार्ने तथा सरकारी सामग्री हानी नोक्सानी हुन नदिने सम्बन्धमा ध्यान पुग्नुपर्दछ । | | | |
| १८.१ | | **भौतिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा व्यवस्था भएको जिन्सी निरिक्षण गर्ने सन्दर्भमा स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छ, अधिकार प्राप्त अधिकारीले वर्षमा कम्तीमा एक पटक स्वयं वा मालसामान ाजिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्रतिनिधिद्वारा निरिक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिने व्यवस्था गर्नुपर्दछ । यसरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएको मालसामान भेटिएमा मूल्य र विवरण खुलाई आम्दानी बाध्न लगाउनुपर्दछ भन्ने उल्लेख छ । कार्यालयले लेखापरीक्षण डोरलाई पेश गरेको जिन्सी खाताबाट नमूना छनौटको आधारमा १० सामानहरुको भौतिक परिक्षणवाट निम्नानुसारको अवस्था देखियो । | | | |

| क्र.सं. | सामानको नाम | भण्डार अभिलेख अनुसार मोज्दात संख्या | भौतिक परीक्षणबाट देखिएको संखया | परीक्षण गर्दाको सामानको स्थिति |
|---|---|---|---|---|

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | १६ | ११ | ५ थान लिलाम गर्नुपर्ने अवस्थामा रहेको |
| २ | डिजिटल थियोलाइट | १ | १ | |
| ३ | मोवाइल सेट | १५ | ९ | २ थान पूर्व कर्मचारीले बुझेको पाइएकोमा हालसम्म पनि फिर्ता नआएको |
| ४ | प्रिन्टर | ४ | ११ | चालू अवस्थाका रहेका ७ थान प्रिन्टर जिन्सी आम्दानी नबाँधेको पाइएकोले आम्दानी बाँध्नुपर्ने देखिएको |
| ५ | अग्नी नियन्त्रक उपकरण | १२ | १२ | चालू अवस्थामा रहेको र समय समयमा रिफिल गर्ने गरेको |
| ६ | कम्प्युटर सेट | ३५ | १५ | ९ थान विग्रेको अवस्थामा रहेको पाइएको र अन्य बाँकी कम्प्यूटर विभिन्न कर्मचारी तथा कार्यालयको जिम्मा रहेको पाइएको |
| ७ | जेनेरेटर | २ | २ | चालू अवस्थामा |
| ८ | डिजिटल र भिडियो क्यामरा | १४ | १३ | ३ थान विग्रेको तथा १ थान डिजिटल क्यामरा सरुवा भै गएका ले.अ.ठाकुरप्रसाद मिश्रबाट फिर्ता हुन बाँकी |
| ९ | ल्यापटप | १२ | १२ | ३ थान विग्रेको |
| १० | फोटोकपी मेसीन | १ | १ | स्था.वि.अ.को क्वाटरमा रहेको |

समयमै जिन्सीको उचित व्यवस्थापन नहुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी हुने सम्भावना रहन्छ । अत : कार्यालयले आफ्नो सम्पत्तीको अभिलेख खडा गरी संरक्षण, उपयोग गर्ने र मुल्य नखुलेको सामानहरुको मुल्य खुलाई राख्न पर्ने व्यवस्था मिलाउनुका साथै भौतिक रुपमा जिर्ण र काम नलाग्ने भएका सामानहरु यथाशक्य चाडो लिलाम गर्ने र जिम्मेवार पदाधिकारीले सामानको मूल्य यकिन गर्ने गरी आवश्यक प्रक्रिया अवलम्बन गर्नु अत्यावश्यक छ ।

१९ **मर्मत सम्भार :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १५३ मा स्थानीय निकायमा रहेको मालसामान मर्मत सम्भार गर्नुपर्ने अवस्थामा निकायको प्रमुखलाई जानकारी गराई लागत अनुमान तयार गराई स्वीकृत गराउनु पर्ने कुरा उल्लेख छ । त्यस्तै, नियम ६० को अनुसूची (क, ख) बमोजिम चल्ती मेशिन वा सवारीको मर्मत अभिलेख किताब राख्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा विभिन्न बजेट उपशिर्षक अर्न्तगतको रकमबाट कार्यालयका सवारी साधन, ग्रेडर मेशिन, मोटरसाइकल लगायत अन्य साधन मर्मतमा प्रशस्त रकम खर्च गरेको र त्यस्ता सामाग्री मर्मत गर्नु पूर्व लागत अनुमान तयार गरी स्वीकृत गराउने, विभिन्न वर्कसपबाट दरभाउपत्र लिई किफायती अपनाउने र सो मर्मत सम्भारको नियममा व्यवस्था भए बमोजिम अभिलेख राख्ने गरेको देखिएन । साथै, मर्मत सम्भार पछि फेरवदल गरिएका पार्ट पुर्जाको समेत कुनै अभिलेख राख्ने गरेको पाइएन ।

यसरी सवारी साधन वा मेशिनको मर्मत सम्भार गर्दा अपनाउनु पर्ने प्रक्रिया र अभिलेख नहुनु नियमको पालना प्रति ध्यान कम हुनु नै हो । जसले आन्तरिक नियन्त्रण पक्षलाई कमजोर बनाउँदछ । अतः नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार अभिलेख दुरुस्त राख्न र मर्मत सेवा खरिद सम्बन्धी आवश्यक प्रक्रिया अवलम्बन गर्नेतर्फ कार्यालय संवेदनशील हुनुपर्ने देखिएको छ ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २० | | **कार्यालयको निरीक्षण –** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४० (१) वमोजिम सचिवले आफ्नो मन्त्रालय मातहतका विभाग, परियोजना तथा कार्यालयको र विभागीय प्रमुख तथा कार्यालय प्रमुखले आफ्नो र आफ्नो मातहतको कार्यालय तथा परियोजनाको प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक आफैले वा आफूले अख्तियार सुम्पेको कर्मचारीद्वारा अनिवार्य निरीक्षण गर्नु गराउनु पर्नेछ भन्ने उल्लेख छ यस कार्यालयमा यस वर्ष तालुक कार्यालयले नियमले तोके वमोजिम ४७ वटा गा.वि.स. हरुको निरीक्षण गरेको पाइएन । नियमावलीको व्यवस्था परिपालनामा जिम्मेवार पदाधिकारीहरुबाट सकारात्मक पहल हुन नसकेका कारण यस्तो अवस्था विद्यमान रहन गएको देखिन्छ ।<br><br>जसको फलस्वरुप मातहत कार्यालयहरुको कार्य प्रभावकारीता तथा सुशासन व्यवस्थापन कायम राख्न नसकिने अवस्था आउन जान्छ । तसर्थ कार्यमा प्रभावकारीता तथा सुशासन व्यवस्थापन कायम राख्न नियमावलीको पालना गर्ने तर्फ सम्वन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ । | | | |
| | | **उपभोक्ता समिति परिचालन** | | | |
| २१ | | **जटिल प्राविधिक कार्य :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (४६) मा बढी जटिल प्राविधिक पक्ष समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम बाहेक सामान्यतया श्रम प्रधान प्रविधि अपानाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्नेछ  भन्ने व्यवस्था छ । यसैगरि नियम १५५ (च) मा उपभोक्ता समितिले पाएको काम ठेकेदारवाट गराउनु हुदैन भन्ने उल्लेख छ । कार्यालयबाट यो बर्ष संचालित योजनाहरुमध्ये निम्न अनुसारका सडकमा विभिन्न सडक योजनाहरु संचालन गर्न हेभी मेसिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी हेभी मेशिन (स्काभेटर, डोजर) प्रयोग गरी उपभोक्ता समिति मार्फत कर्य गरे गराएको पाइयो । नियममा व्यवस्था भए बमोजिम उपभोक्ता समितिबाट हुने काम हेभी मेशिन प्रयोग नगरी कार्य नगराएबाट स्थानीय श्रोत साधन र श्रमशक्तिको उपयोग गरी ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने तथा वातावरणमैत्री निर्माण गरी विकासका अवरोधहरुलाई न्यूनीकरण गर्ने कार्यमा वाञ्छित उपलब्धी नहुने अवस्था छ । तसर्थ नियममा व्यवस्था भए वमोजिम उपभोक्ता समितिबाट गरिने कार्यहरुमा हेभी मेशिनको प्रयोगलाई निरुत्साहित गरी वातावरण र रोजगारमैत्री निर्माण कार्य अगाडी बढाउनुपर्ने देखिन्छ । | | | |

| सि.नं. | योजनाको नाम | कार्यक्रम | उपभोक्ता समितिको नाम | लागत अनुमान | भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| १ | जुके कल्भर्ट सडक कालोपत्रे | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम पुंजीगत | जुके कल्भर्ट सडक उ.स. | २४२५५२५.९३ | १८०००००.०० |
| २ | काकरभिट्टा बाहुनडांगी सडक कालोपत्रे | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम चालू | काकरभिट्टा बाहुनडांगी सडक उ.स. | १४५५४०६.४५ | १३०००००.०० |
| २ | जुके कल्भर्ट सिमसार जाने सडक कालोपत्रे | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम चालू | जुके कल्भर्ट सिम्सार सडक उ.स. | २४२५५२५.९३ | २०००००००.०० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | जम्मा ६३०६४५८.३१ | ५१०००००.०० | | |
| २२ | | **<u>उपभोक्ता समितिको दर्ता र सूचिकरण</u>** : जिल्ला विकास समितिद्वारा संचालित रु. ६० लाख सम्मको कारोवार स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (१) मा उपभोक्ता समितिद्वारा गराउन सक्ने प्रावधान छ । सोही नियमावलीको नियम १५५(२) मा उपनियम (१) बमोजिमको काम गराउने प्रयोजनका लागि स्थानीय निकायले उपभोक्ता समितिहरुलाई विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ.ब. ०६९/०७० मा विभिन्न कार्यक्रम अन्तर्गत संचालित अधिकाँश योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गराएकोमा उपभोक्ता समितिको दर्ता तथा विषयगतरुपमा बर्गिकरण नगरी केवल उपभोक्ता समितिको निवेदनको भरमा योजना कार्यान्वयन गराएको छ ।<br>उपभोक्ता समिति दर्ता तथा बिषयगत रुपमा बर्गिकरण नहुनुमा कानूनको पालना नगर्नु उपभोक्ता समिति गठन भए पछी उपभोक्ता समितिहरुलाई निर्माण पूर्व तथा निर्माण पश्चात तालिम दिने व्यवस्था नगरीनुनै प्रमुख कारण हुन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गिकरण नगरिंदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, उपभोक्ता समितिहरुलाई समय समयमा दिनु पर्ने ओरिएन्टेशन कार्यक्रममा बाधा पर्ने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत संभार र जिम्मेवारी कसले लिने भन्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भए अनुसार आगामी दिनमा उपभोक्ता समितिकोहरुको दर्ता तथा विषयगत रुपमा बर्गिकरण गर्ने र समय समयमा उपभोक्ता समितिलाई योजना सम्बन्धि बिषयमा तालिम तथा सेमिनार गरी व्यवस्थित गराउन सम्बन्धित निकायको ध्यान पुग्नु जरुरी छ । | | | |
| | | **कार्यक्रम कार्यान्वयन** | | | |
| २३ | | **चौमासिक खर्चको स्थिति :** कार्यालयका आफ्नो वार्षिक बजेट तथा कार्यक्रमअनुसार चौमासिक लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ । यस वर्ष कार्यालयले विभिन्न शीर्षक अर्न्तगत २०७० आषाढ महिनामा अधिकांश खर्च गरेको पाइयो ।<br>कार्यालयलाई विभिन्न उपशीर्षकमा विनियोजित बजेटबाट शिर्षकगत एवं कुल खर्चमा आषाढ महिनाको खर्च शत प्रतिशतसम्म देखिन आएको छ । | | | |

| क. सं. | बजेट उपशीर्षक | बउशिनं. | कुल खर्च | चौमासिक खर्च | | | | आषाढ महिनाको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम | दोस्रो | तेस्रो | आषाढ महिना | |
| १ | जिविस अनुदान | ३६५८०१३ | ६३०२८५८०।१८ | १७०१२८१४ | १७१७६१०६ | २८८३९६६०।१८ | ११९६७८२५ | १८.९९% |
| २ | **LGCDP** | ३६५८१९३ | २३६४६५४०।०० | २४४८१५५ | ३३०३७३८ | १७८९४६४७।०० | ४४२३५६७ | १८.७१% |
| ३ | सामाजिक सुरक्षा | ३६५०१५३ | ३५८५५२१००।०० | ८९४७५००० | ० | २६९०७७१००।०० | ११८४८६८०० | ३३.०५% |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ग्रामिण खानेपानी तथा सरसफाई आयोजना | ३६५८०४३ | ४०२२४६६।५३ | ० | ० | ४०२२४६६।५३ | ८२८८८३ | २०.६१% |
| ५ | मधेशी, पिछडा वर्ग र मुस्लिम उत्थान कार्यक्रम | ३६५१०८३ | ५०००००।०० | ० | ० | ५०००००।०० | ३९०००० | ७८.००% |
| ६ | गाविस अनुदान | ३६५८०२३ | ७०५०००००।०० | १९५०८२४३ | २४२४३७२९ | २६७४८०२८।०० | ३७२३७०४ | ५.२८% |
| ७ | स्थानीय स्तरका सडक पुल तथा सामुदायिक | ३६५८३१३ | २०३२१६९।३० | ० | ० | २०३२१६९।३० | ५०३८४९ | २४.७९% |
| ८ | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक | ३६५०१६३ | १४०००००।०० | ० | ० | १४०००००।०० | १२००००० | ८५.७१% |
| ९ | ग्रामिण पहुंच सुधार तथा विकेन्द्रीकरण | ३६५८१४३ | ९३४११४।०८ | ० | ० | ९३४११४।०८ | ५२७७९९ | ५६.५०% |
| १० | झोलुङ्गे पुल क्षेत्रगत तथा स्थानीय स्तरका सडक, पुल कार्यक्रम | ३६५८०९३ | १२३६६२७।०० | ० | ० | १२३६६२७।०० | ५८८८७ | ४.७६% |
| ११ | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम | ३६५८०८३ | २५६६७९४१।९४ | १२३९५०० | १९२६३८५ | २२५०२०५६।९४ | १३९३९८२७ | ५४.३१% |
| १२ | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम | ३६५८०८४ | १८०००००।०० | ० | ० | १८०००००।०० | १८००००० | १००.००% |
| १३ | उपेक्षित उत्पिडित दलित वर्ग उत्थान | ३६५१०६३ | २४२६००।०० | ० | ० | २४२६००।०० | २४२६०० | १००.००% |
| १४ | युवा तथा खेलकुद विकास | ३४३१०१३ | ६१००००।०० | ० | ० | ६१००००।०० | १३६००० | २२.३०% |
| १५ | जनसहभागितामा आधारित विकास कार्यक्रम | ३६५८१२३ | २९८७८००।०० | ० | ० | २९८७८००।०० | १७०२३०० | ५६.९८% |
| १६ | रोयल्टी व्यवस्थापन तथा विकास | ३०८१०९३ | ६२०००।०० | ० | ० | ६२०००।०० | ६२००० | १००.००% |
| १७ | गुम्बा व्यवस्थापन तथा विकास | ३६५१०१३ | १५००००।०० | ० | ० | १५००००।०० | १००००० | ६६.६७% |
| १८ | राष्ट्रिय विकास स्वयंसेवक | ३९११०५३ | १२५०००।०० | ० | ० | १२५०००।०० | २०००० | १६.००% |
| १९ | पिछडिएको तराई मधेश विशेष कार्यक्रम | ३६५८३६३ | ४०७३७६७।०० | ० | ० | ४०७३७६७।०० | १६८७७६७ | ४१.४३% |
| | | जम्मा | ५६१५७१७०६।०३ | १२९६८३७१२ | ४६६४९९५८ | ३८५२३८०३६।०३ | १६१८०१८०८ | |

यसरी आषाढ महिनामा बढी खर्च हुनुमा समयमै योजना कार्यान्वयन नगर्नु नै मूख्य कारण रहेको पाईन्छ । यसरी वर्षान्तमा हतार हतार काम गर्दा कामको गुणस्तरमा कमी हुने तथा अनुगमन कार्य प्रभावकारी हुन नसक्ने सक्ने देखिन्छ । तसर्थ, आर्थिक वर्षको अन्त्यमा मात्र अधिकांश कार्यक्रम सञ्चालन गर्ने परम्परालाई नियन्त्रण गर्नुपर्दछ ।

२४

**स्थलगत निरीक्षण :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को २०० बमोजिम स्वीकृत योजना सम्बन्धित निकायले कार्यतालिका बनाई कार्यान्वयन गर्नुका साथै सम्पन्न योजना सुचारुरुपले सञ्चालन गर्न उचित रेखदेख र सम्भार समेत गर्नुपर्दछ । जिल्ला विकास समितिको कार्यालय झापाले सम्पन्न गरेका निम्न कार्यक्रमहरुको लेखापरीक्षणका क्रममा स्थलगत अवलोकनको क्रममा निम्नानुसार देखिएको छ ।

| सि.नं. | आयोजनाको नाम | स्रोत | सम्झौता रकम | व्यहोरा |
|---|---|---|---|---|
| १ | लक्ष्मी उच्च मावि भवन निर्माण | भारतीय दुतावास | ३४१३४०७०।०४ | पांनी टंयाकी भुईमा राखेको, **Sanitation Pipe Fittings, urinal pipe fittings** र पंखा लगायतका सामाग्री नदेखिएको |
| २ | बलभद्र उच्च मावि भवन निर्माण | भारतीय दुतावास | ३६८६३३६४।७३ | निर्माणको अवस्था अत्यन्तै सुस्त र पटक पटक कार्यालय तथा भारतीय दुतावासले समेत अनुगमन गरी समयमै कार्य सम्पन्न गर्न निर्देशन दिएको भएतापनि निर्माण कार्य निराशाजनक रहेको |
| ३ | डि.वि. लामाको घर छेउको कल्भर्ट निर्माण | आन्तरिक स्रोत | ४०००००।०० | तटबन्ध निर्माण शुरु नभएको, कार्य प्रगति अत्यधिक सुस्त |
| ४ | सरस्वती स्कूल जाने बाटोमा आर. सि. सि. स्ल्याव कल्भर्ट | आन्तरिक स्रोत | ८२०००।०० | यस आवमा समेत थप रकम विनियोजन भई कार्य सञ्चालन भइरहेको अवस्थामा पाइएको |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>जुके कल्भर्ट सिमसार जाने सडक कालोपत्रे</td><td>SWAP</td><td>२००००००।००</td><td></td></tr>
<tr><td>६</td><td>फेरेगौंडा खन्यूगौंडा झोलुङ्गे पुल</td><td>SWAP</td><td>३०६४२३१।३५</td><td>काम अत्यधिक सुस्त गतिमा संचालन भएको</td></tr>
</table>
क) भारतीय दूताबासको सहयोगमा निर्माण गर्ने गरी मिति २०१२ सेप्टेम्बर २५ मा २४ डिसेम्बर२०१३ सम्ममा बलभद्र उच्च मावि भवन निर्माण र हडिया नदी नियन्त्रण गर्ने कार्य रु. २,६४,५९,८९९।३९ ( भ्याट बाहेक ) मा सम्पन्न गर्ने गरी सम्झौता भई निर्माण व्यवसायी श्री तुलसीभक्त कन्स्ट्रक्सन प्रालिले आधिकारिक प्रतिनिधिको रुपमा श्री पुर्णबहादुर तामाङ्गलाई नियुक्त गरी कार्य प्रारम्भ गरी रु. ५३,००,०००।०० मोविलाईजेशन पेश्की लिएको छ ।निज निर्माण व्यवसायीले नियुक्त गरेको प्रतिनिधिका रुपमा श्री ध्रुव खनाललाई खटाउने, निज निर्माण व्यवसायीको बैंक जमानत दिने, अर्को निर्माण व्यवसायी श्री चिरनसेन थापा र पुर्व आधिकारिक प्रतिनिधि श्री पूर्णबहादुर तामाङ्गलाई नै निर्माण कार्य गर्ने अधिकारनामा दिने साथै निर्माण व्यवसायीसंग ज्यामी उपलब्ध गराउने महमद मुस्लिमले लेजर ज्याला रु. ५,००,०००।०० बांकी रहेको उपलब्ध गराई पाउन निवेदन समेत गरेको छ । सम्बन्धित साईटको प्राविधिक कर्मचारीहरु तथा बलभद्र उच्च माविले समेत समय समयमा निर्माण कार्यको गुणस्तर तथा प्रगति माथि असन्तुष्टि जनाई कार्यालयलाई जानकारी गराउने गरेको अवस्था रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>हर्जाना विवरण</th><th>समय</th><th>दिन</th><th>हर्जाना रकम</th></tr>
<tr><td>१</td><td>१५% प्रगति एक तिहाई समयमा नभएमा</td><td>२४ फ्रेबुअरी २०१३ देखि ३१ जनवरी २०१४ ले. प. अवधि</td><td>३४१ दिन</td><td>६७६७११।९५</td></tr>
<tr><td>२</td><td>५०% प्रगति दुई तिहाई समयमा नभएमा</td><td>२४ जुलाई २०१३</td><td>१९१ दिन</td><td>१२६३४६०।२०</td></tr>
<tr><td>३</td><td>तोकिएको समयमा सम्पुर्ण कार्य सम्पन्न नभएमा</td><td>२४ डिसेम्बर २०१३</td><td>३८ दिन</td><td>१७५९६९।७०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>२११६१४१।८५</td></tr>
</table>
निर्माण कार्य शुरु देखि नै समस्याग्रस्त रहेको पाइएकोले समयमै निर्माण कार्य सम्पन्न गर्ने तर्फ सचेत रही कार्य सूचारु गराउन पहल हुनपर्ने तथा सम्झौताका शर्तहरुमा तोकिएको समयतालिका बमोजिम कार्य सम्पादन नभएकोले शर्त बमोजिम हर्जाना असुल गर्नुपर्ने देखिएको रु</td><td>२११६१४१।८५</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>ख) लक्ष्मी उच्च मावि भवन निर्माण : भारतीय दूताबासको आर्थिक सहयोगमा लक्ष्मी उच्च मावि भवन निर्माण बनियानीको विद्युतिकरण कार्य, पानी टंयाकी दोस्रो तल्लाको छतमा खाली भुईमा राखेको, स्यानिटेशनको कार्य खुल्ला पाइपिङ्गबाट गरेको, ट्वाईलेटमा राखिएका युरिनलको पाईपहरु टुटफुट भएको ततथा पुरै भवन भरी ४८ इन्चका ७५ वटा पंखा जडान भएको पाइयो । लेखापरीक्षणका क्रममा ठेक्का व्यवस्थापन सम्बन्धी कागजातहरु समयमै उपलब्ध हुन नसकेका कारण उल्लेखित क्रियाकलापहरुको निर्माण अवस्था र लागत अनुमानका विच तुलना गर्ने अवस्था रहेन ।<br><br>साथै, गत विगतको लेखापरीणको क्रममा समेत स्थलगत निरिक्षण भई देखिएका व्यहोरा प्रतिवेदनमा औल्याइसकेको भएतापनी सो उपर कार्यालयबाट आवश्यक कारवाही भए गरेको</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>पाइएन । तसर्थ खरिद कार्यसंग सम्बन्धित कागजातहरु सार्वजनिक खरिद ऐन र नियमावलीले निर्दिष्ट गरेबमोजिम खोजेको बखत प्राप्त हुनेगरी अभिलेख दुरुस्त गर्नेतर्फ कार्यालयले अविलम्ब कदम चाल्नुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>ग) फेरेगौंडा खन्यूगौंडा झोलुङ्गे पुल, शान्तिनगर : स्वाप अन्तरगत फेरेगौंडा खन्यूगौंडामा टिमाई नदीमा झोलुङ्गे पुल निर्माण गर्नका लागि श्री अधिकारी निर्माण सेवासँग २०६९।११।१५ का दिन रु. २७,११,७७९।१६ ( मु. अ. कर बाहेक ) मा मिति २०७०।३।१५ मा सम्पन्न गर्नका लागि सम्झौता भएको छ । उक्त झोलुङ्गे पुलको टावरकोलागि फाउण्डेशनको कार्य मात्र तयार भई रु.४,४८,३८८।५२ ( भ्याट समेत ) मिति २०७०।३।२५ मा भुक्तानी उपलब्ध गराएको छ ।<br><br>यस निर्माण कार्यमा ३० चैत्र २०६९ सम्ममा ६० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने, ३० जेष्ठ २०७० सम्म २० प्रतिशत र १५ आषाढ २०७० सम्म बांकी २० प्रतिशत कार्य सम्पन्न हुनुपर्ने अन्यथा ०.०१ प्रतिशतका दरले हर्जाना लिनु पर्ने व्यवस्था रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>हर्जाना विवरण</th><th>समय</th><th>दिन</th><th>हर्जाना रकम</th></tr>
<tr><td>१</td><td>२०६९ चैत्र ३० सम्म ६० प्रतिशत</td><td>२०६९ चैत्र ३१ देखि २०७० पौष १६ सम्म ले. प. अवधि</td><td>२६३ दिन</td><td>४२७९०।८०</td></tr>
<tr><td>२</td><td>२०७० जेष्ठ ३० सम्म २० प्रतिशत</td><td>२०७० जेष्ठ ३१ देखि</td><td>२०१ दिन</td><td>१०९०१।१०</td></tr>
<tr><td>३</td><td>२०७० आषाढ १५ सम्म २० प्रतिशत</td><td>२०७० आषाढ १६ देखि</td><td>१८५ दिन</td><td>१००३३।३५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६३७२५।२५</td></tr>
</table>
झोलुंगे पुल निर्माणका लागी बारम्बार प्रयास भएको जानकारी कार्यालयबाट प्राप्त हुन आएको, निर्माणस्थलको एप्रोच सडक खण्ड व्यक्तिहरुको स्वामित्वमा रहेको, निर्माणस्थलको प्रकृति बाढी आउने प्रवल सम्भावना रहेको क्षेत्र भएकोले निर्माण हुने संरचना सुरक्षित रहन्छ भन्ने विषयमा आश्वस्त हुन नसकिएको, निर्माण कार्यको प्रगति सन्तोषजनक नरहेको अवस्था समेत देखिन आयो । अत : निर्माण हुने संरचनाको कार्य प्रगतिस्तर अत्यन्त न्यून देखिएकोले सो अवस्था सुधारका लागी कार्यालयले तदारुकता देखाउनुपर्ने तथा सम्झौताका शर्तहरुमा तोकिएको समयतालिका बमोजिम कार्य सम्पादन भएको नपाइएकोले शर्त बमोजिम हर्जाना असुल गर्नुपर्ने देखिएको रु<br><br>कार्यालयबाट नियमित निगरानी गरी समयमै कार्य गराउने तर्फ उचित ध्यान पुग्ने नगरेको एवं निर्माण व्यवसायीले आफ्नो दायित्व निर्वाह गर्नमा हेलचक्र्याई गर्ने गरेको कारण यस्तो हुन गएको देखिन्छ । जसले गर्दा सञ्चालित योजना सम्पन्न हुनेमा शंका रहने, सञ्चालन भएकै अवस्थामा समेत समयमा सम्पन्न हुन कठिनाई हुने तथा आयोजना लागत समेत वृद्धि हुन जाने अवस्था सिर्जना हुन्छ । खरिद ऐन नियमावली बमोजिम कार्यालयले सम्झौताको शर्तमा कार्यतालिकाको व्यवस्था गरी समयमै कार्यसम्पन्न गराउन पहल गरेको देखिएतापनि सो को परिपालना गर्ने गराउनेतर्फ संवेदनशील भएको नपाइएकोले आगामी दिनमा सम्झौताका शर्तहरुको पालना गर्ने गराउनेतर्फ</td><td>६३७२५।२५</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालय र निर्माण व्यवसायीलाई सचेत गराउनुपर्ने देखिएको छ। | | | |
| २५ | | **वीमा सम्वन्धमा –** स्थानीय निकास आर्थिक प्रशासन नियमावली २०६४ को नियम १२० (१) अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक १० लाखभन्दा माथी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विमा गराउनुपर्ने उल्लेख छ।<br><br>कार्यालयले विभिन्न कार्यक्रम अन्तर्गत सञ्चालन गरेका रु.१० लाख भन्दा बढीको निर्माण कार्यको लागि निम्न कार्यक्रममा नियमावलीमा उल्लेख गरेको सामाग्री तथा निर्माण कार्यको प्रतिस्थापन खर्च वापत बीमा गराएको पाइएन। | | | |

| सि.नं | योजनाको नाम | स्वीकृत रकम |
|---|---|---|
| १ | बलभद्र जनता उच्च मावि तथा हडिया नदी नियन्त्रण, धाईजन | २९८९९६८६।३१ |
| २ | मंगलमय उच्च मावि भवन निर्माण, लखनपुर | ३४९६९४४९।७१ |
| ३ | कांकरभिट्टा बाहुण्डांगी सडक कालोपत्रे | ३२०९१९७।८८ |

बीमा गराउने कार्यमा सम्बन्धित कार्यालयबाट सकारात्मक पहल हुन नसकेको कारण बीमा नभएको पाइयो। यसरी ऐनले गरेको ब्यबस्था परिपालना नगरी बीमा नगराउँदा हुन सक्ने संभाब्य जोखिम न्यूनिकरण गर्ने कार्यबाट कार्यालय बञ्चित हुन जाने देखिन्छ। कार्यालयले रु. दशलाख भन्दा बढी लागत भएका निर्माण कार्यको बीमा गराई भविष्यमा आउन सक्ने संभाब्य जोखिम न्यूनिकरण गर्ने कार्यमा यथेष्ट ध्यान दिनुपर्ने देखिन्छ।

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>२६</td><td></td><td>

**अन्य कार्यालयको खर्च** : आर्थिक कार्यविधि ऐ.न २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । नमुना छनौटको अधारमा लेखापरीक्षण गर्दा निम्नानुसार छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका देहायनुसारका जिल्ला स्थित अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको पाइयो ।

<table>
<tr><th>भौ.नं. र मिति</th><th>खर्च लेखेको शिर्षक/कार्यक्रम</th><th>खर्च व्यहोरिएको कार्यालय</th><th>खर्चको प्रयोजन</th><th>खर्च रकम</th></tr>
<tr><td>२०३-२०६९/११/१</td><td>जिविस कोष चालू</td><td>महिला तथा बालबालिका कार्यालय, झापा</td><td>२२ औ अर्न्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन</td><td>१००००.००</td></tr>
<tr><td>२३८-२०६९/१२/१</td><td>कोष चालू</td><td>जिल्ला खेलकुद विकास समिति, झापा</td><td>पाँचौ राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता</td><td>६००००.००</td></tr>
<tr><td>१८८-२०७०/२/२४</td><td>जिविस अनुदान</td><td>जिल्ला प्रहरी कार्यालय, झापा</td><td>कार्यालय प्रमुखको भवन रंगरोगन गराउने कार्य</td><td>५००००.००</td></tr>
<tr><td>३१-२०७०/२/६</td><td>स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम</td><td>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय</td><td>मन्त्रीको निजी सचिवालयको कर्मचारीको दै.भ्र.भ.भुक्तानी</td><td>८०००.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१२८०००.००</td></tr>
</table>

यसरी छुट्टै अस्तित्वका अन्य कार्यालवाट भएको खर्च कार्यालयवाट व्यहोर्दा यस कार्यालयको वजेट व्यवस्थापनमा चाप पर्ने, कार्यालयले प्रदान गर्ने सेवाप्रवाहमा असर पर्ने र अख्तियारीको सिमा भित्र नपर्ने अवस्था देखिन्छ यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असुर पर्ने देखिन्छ । नियमानुसार नभएको यस्तो खर्च लेख्न बन्द गर्नु पर्ने देखिएको रु

</td><td>१२८०००.००</td><td></td><td></td></tr>
<tr><td>२७</td><td></td><td>

**योजना हस्तान्तरण –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा २६ (२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्था वा गैर सरकारी संस्थालाई हस्तान्तरण गरी दीगो संचालन हुने व्यबस्था मिलाउनु पर्ने व्यबस्था रहेको छ ।

</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष संचालित ५८३ योजनामध्ये सम्पन्न र हस्तान्तरणको अवस्था निम्नानुसार रहेको व्यहोरा लेखापरीक्षण टोलीलाई प्राप्त हुन आयो ।
<table>
<tr><th>सि.नं</th><th>ब.शि.नं. र कायंक्रमको नाम</th><th>सञ्चालित योजना संख्या</th><th>सम्पन्न योजना संख्या</th><th>सम्पन्न नभएका योजना संख्या</th><th>सम्पन्न मध्ये हस्तान्तरण भएका योजना संख्या</th></tr>
<tr><td>१.</td><td>जिल्ला विकास समिति कोष</td><td>३६७</td><td>१८७</td><td>४५</td><td>३२२</td></tr>
<tr><td>२.</td><td>जिल्ला विकास समिति अनुदान</td><td>१३८</td><td>१३७</td><td>१</td><td>१३७</td></tr>
<tr><td>३.</td><td>जनसहभागितामा आधारित विकास कार्क्रम</td><td>४</td><td>४</td><td></td><td>४</td></tr>
<tr><td>४.</td><td>साना सिंचाई कार्यक्रम</td><td>९</td><td>८</td><td>१</td><td>८</td></tr>
<tr><td>५.</td><td>स्थानीय यातायात पूर्वाधार क्षेत्र विकास कार्यक्रम</td><td>२६</td><td>२२</td><td>४</td><td>२२</td></tr>
<tr><td>६.</td><td>तराइ मधेश विशेष कार्यक्रम</td><td>८</td><td>७</td><td>१</td><td>७</td></tr>
<tr><td>७.</td><td>स्थानीय यातायात पूर्वाधार क्षेत्र विकास कार्यक्रम (आर. टि. आई)</td><td>१३</td><td>०</td><td>१३</td><td></td></tr>
<tr><td>८.</td><td>झोलुंगे पुल क्षेत्रगत कार्यक्रम</td><td>५</td><td></td><td>५</td><td></td></tr>
<tr><td>९.</td><td>खानेपानी तथा सरसफाई कार्यक्रम</td><td>१०</td><td>९</td><td>१</td><td>१०</td></tr>
<tr><td>१०.</td><td>गुम्बा व्यवस्थापन</td><td>३</td><td>३</td><td></td><td>३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५८३</td><td>३७७</td><td>७१</td><td>५१३</td></tr>
</table>
कार्यालयले उपरोक्तानुसार हस्तान्तरण भएको विवरण पेश गरेतापनी कागजात परीक्षणको क्रममा हस्तान्तरण भएको पुष्टी कागजातहरु अभिलेखमा पाइएन । सम्पन्न योजनाको फरफारक गरेपछीको अवस्थालाई नै हस्तान्तरण भएको मान्ने पद्दति स्थापित भएका यस्तो अवस्था सिर्जना भएको हो । सम्पन्न योजनालाई विधिसम्मत ढंगले हस्तान्तरण नगर्दा सम्बन्धित उपभोक्ता समिति एवं गै.स.स.लाई उक्त योजना प्रतिको स्वामित्व अपनत्व अनुभव गराउन नसकि आयोजनाको दीगोपनाको सुनिश्चितता गर्न सकिने वातावरण सिर्जना गर्न सम्भव हुँदैन ।<br><br>
अत : कार्यालयले सम्पन्न योजनाहरुको मर्मत संभार समेतको दायित्व सम्बन्धित लाभग्राहीलाई हुने गरी यथासक्य हस्तान्तरण गर्ने पद्दतीको अवलम्बन गर्नुपर्ने देखिन्छ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>आय व्यवस्थापन</td><td></td><td></td><td></td></tr>
<tr><td>२८</td><td></td><td>आय प्रक्षेपण : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ को उपनियम ४ (क) मा कार्यालयले आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आयश्रोतको उपलव्धता संभावित परिचालन, व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्युनतम ठेक अंक र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नूपर्ने व्यवस्था छ ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | यो वर्ष कार्यालयले राजस्व परामर्श समितिको सिफारिसमा आन्तरिक आयको न्युनतम अंक निर्धारण गरेको भए पनि राजस्व परामर्श समितिले आय प्राप्त हूने श्रोतको संभावित परिमाण र त्यसको लागि लाग्ने लागत समेत विचार गरी न्युनतम अंक प्रक्षेपण गर्नू पर्नेमा त्यसो नगरी कतिपय श्रोतमा देहायको तालिकाअनूसार गतवर्षको असूली अंकभन्दा पनि कम अंकलाई न्युनतम अंक सिफारिस गरेको पाइयो ।<br>जसका केही उदाहरण देहायनूसार छन् : | | | |

| सि.नं. | श्रोत | आ.ब. ०६७।६८ | आ.ब. ०६८।६९ | आ.ब.०६९।७० | गतवर्षको तुलनामा घटी।बढी रकम |
|---|---|---|---|---|---|
| | **स्थानीय कर** | | | | |
| १ | पूर्वाधार उपयोग कर | १७११७१९।०० | १९४६८८२।०० | २४९४४१५।०० | ५४७५३३.०० |
| २ | ढुंगा गिटी बालुवा विक्रीमूलय कर | ७३९६७९५।०० | १८११४५३१।०० | १८२४८६५९।०० | १३४१२८.०० |
| ३ | खानीजन्य कर | | | | |
| ४ | कृषि तथा पशुजन्य कर | १४०८०७६७।०० | १७१२१६४३।०० | १२३१४७१९।०० | -४८०६९२४.०० |
| ५ | बनजन्य कर | ५१७५९९।०० | ७६५९००।०० | ८२२००८।०० | ५६१०८.०० |
| | **विविध आय** | | | | |
| ८ | भाँडा (टहरा पसल) | १११३३२।०० | २८५७४७।०० | ७९०८७८।०० | ५०५१३१.०० |

कार्यालयले श्रोत नक्सांकन गरी आय प्रक्षेपण गर्ने प्रणालीको विकास नगरेको कारण आय प्रक्षेपण विगतको तूलनामा कम भएको देखिन्छ । जसले गर्दा आय व्यवस्थापन तथ्यगत हून नसकी आम्दानी घट्ने सम्भावना रहन्छ । तसर्थ, कार्यालयले एकमूष्ठ रुपमा श्रोत नक्शांकन गरी आय प्रक्षेपण गर्ने पद्धतीको विकास गर्नूपर्दछ ।

२९ **प्रवृत्ति विश्लेषण :** जिल्ला विकास समितिको कार्यालय, झापाले विगत तीन वर्षमा आम्दानीस्वरुप श्रोतगत रुपमा आर्जन गरेको विवरण देहायअनुसार छ :

| सि.नं. | श्रोत | ०६९।७० को प्रक्षेपण | ०६९।७० को असुली | प्रक्षेपणको तुलनामा घटी्बढी रकम |
|---|---|---|---|---|
| १ | **स्थानीय कर** | | | |
| २ | पूर्वाधार उपयोग कर | ३००००००।०० | २४९४४१५।०० | -५०५५८५.०० |
| ३ | ढुंगा गिटी बालुवा निकासी कर | २७००००००।०० | १८२४८६५९।०० | -८७५१३४१.०० |
| ४ | खानीजन्य कर | | | |
| ५ | कृषि तथा पशुजन्य कर | २५००००००।०० | १२३१४७१९।०० | -१२६८५२८१.०० |
| ६ | बनजन्य कर | १६०००००।०० | ८२२००८।०० | -७७७९९२.०० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | अघिल्लो आ.व.मा भन्दा यस आ.व.मा आय वृद्धि नकारात्मक रहेको तथा श्रोत अनुमान गर्दा विविध श्रोतहरु पहिचान गरी आय प्रक्षेपण गर्नुपर्नेमा एकमुष्ठ रुपमा श्रोत अनुमान गरी आयको क्षेत्र विविधता अपनानुपर्नेमा सो गरेको पाइएन । यसो हुनुमा आय प्रक्षेपण र व्यवस्थापनमा कार्यालय संवेदनशील नहुनु नै प्रमुख कारण हो । यसबाट जिल्ला विकास समितिको आय वस्तुगत एवं अनुमानयोग्य नहुने हुन्छ । अतः आय आर्जन वृद्धिका लागी वातावरणीय पक्ष तर्फ सजग रहँदै थप र टिकाउ श्रोतहरु पहिचान गरी आयश्रोत वृद्धि गर्नेतर्फ जिल्ला विकास समिति गम्भीर हुनुपर्ने देखिएको छ । | | | |
| ३० | | **मूल्य अभिवृद्धि कर -** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ (३) अनुसार जिल्ला विकास समितिले आफ्नो आन्तरिक आयका ठेक्का पट्टाहरुमा असुल भएको रकममा १३ प्रतिशतले हिसाब गरि मु.अ.कर समेत असुल गर्नु पर्दछ । कार्यालयले आन्तरिक आय ठेक्का व्यवस्था मार्फत संकलन गर्न विभिन्न ठकेदार मार्फत सम्झौता गरी रु ३९७०६५६०.३६ आन्तरीक आय संकलन गर्दा ठेक्का सम्झौताको शर्तमा "नियमानुसारको मूल्य अभिवृद्धि कर तथा अन्य राजस्व आन्तरिक राजस्व कार्यालयमा समेत दाखिला गर्नुपर्नेछ" भन्ने व्यहोरा उल्लेख छ । तर उक्त आय रकममा ठेकेदारले संकलन गरेको १३ प्रतिशत मु.अ.कर रकम रु ५१६१८५२.८५ को सन्दर्भमा कार्यालयले कुनै अनुगमन गरेको वा सो को प्रमाण अभिलेख गरेको छैन । ऐन र सार्वजनिक लेखा समितिले समेत स्थानीय निकायको आय ठेक्काबाट असूल हुने मु.अ.कर असूल गरी दाखिला गर्ने दायित्व सम्बन्धित सथानीय निकाय प्रमुखको हुने प्रावधान गरेको छ ।<br><br>कार्यालयले आय ठेक्कामा संकलन हुने मूल्य अभिवृद्धि कर रकम दाखिला गर्ने जिम्मेवारी सम्झौतामा शर्त उल्लेख गरेर मात्रै नहुने कानूनी व्यवस्थामा संवेदनशील नभएको कारण यस्तो हुन गएको देखिन्छ । यसबाट सरकारी राजस्व असुली रु ५१६१८५२.८५ ले न्युन हुन गएको छ । तसर्थ, विद्यमान कानूनको व्यवस्था बमोजिम असुल भएको आय ठेक्काको मु.अ.कर सम्बन्धित ठेकेदारबाट आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने मु.अ.कर रकम रु | ५१६१८५२.८५ | | |
| ३१ | | **परिमाण नियन्त्रण व्यवस्था :** जिल्ला विकास समिति झापाले जिल्लास्थित विभिन्न क्षेत्रको ढुंगा, गिट्टी, बालूवाको कर संकलन गर्न विभिन्न नदीबाट विभिन्न मितिमा यस आर्थिक वर्षभरिमा कर वापत रु २१०६२५९८।०० असूल गरेको पाइयो । सम्झौतामा प्रति घनफिट रु. विभिन्न दरले ठेकेदारले संकलन गर्ने, ठेकेदारले आय संकलन गर्दा दिइने भरपाई रसिद जिल्ला विकास समितिबाट प्रमाणित गराई प्रयोग गर्नूपर्ने व्यवस्था छ । जिल्ला विकास समितिले सुचना एवं बोलपत्र सम्वन्धी कागजातमा विभिन्न क्षेत्रबाट उठाउन पाउने ढुंगा, गिट्टी, बालूवाको परिमाणको हद तोकेको भए तापनि त्यसलाई नियन्त्रण गर्ने विधिको प्रयोग भएको पाइएन ।<br>उल्लेखित सामान ठेक्का अवधिमा जिल्लाबाट दोहन गर्न पाइने परिमाणगत हदको नियन्त्रण विधि नअपनाइएको र ठेकेदारले जिविसलाई बूझाउनू पर्ने कर रकमलाई ढुंगा, गिट्टी, बालूवाको उत्खनन् हूने परिमाणसंग आवद्ध नगरेको कारणले कार्यालयले कायम गरेको न्युनतम अंक र | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>ठेकेदारले कबूल गरेको अंकलाई पुष्टी गर्ने आधार देखिदैन । उत्खनन् भएको परिमाण र सो वापतको कर रकम खूल्ने अभिलेख जिल्ला विकास समितिले राख्ने नगरेको एवं ठेकेदारले जिविसबाट प्रमाणित गराई प्रयोग गर्नूपर्ने रसिदको अर्धकट्टी कार्यालयमा फिर्ता समेत नगरेको हुंदा वर्षभरिमा उठाएको ढूंगा, बालूवा, गिट्टीको जम्मा परिमाण र सो वापत ठेकेदारले असुल गरेको कर रकम यकिन हून सकेन । यसबाट संझौतामा तोकिएको दरमा मात्र ठेकेदारले शूल्क उठाएको सम्वन्धमा विस्वस्त हून सकिएन । यसप्रकारको ठेक्का बन्दोबस्तले अनियन्त्रितरुपमा प्राकृतिक श्रोत साधनको दोहन हूने तर ती श्रोत साधनको दोहनबाट जिविसले प्राप्त गर्न सक्ने यथार्थ आम्दानी एकिन हूंदैन । व्यवस्थापिका संसदको प्राकृतिक श्रोत र साधन समितिको अध्ययन प्रतिवेदन २०६६ ले पनि कूनै पनि क्षेत्रबाट ढूंगा, गिट्टी, बालूवा, ग्राभेल संकलन गरी तोकिएको स्थानमा मात्र घाटगद्दी गर्ने, सम्वन्धित निकायले नापजांच नगरी ती बस्तूहरु लैजान नपाउने व्यवस्था गर्ने, ती सामानहरुको बजार मुल्य भन्दा निकै कम दरमा ठेक्कापट्टाहरु भइरहेकोले बजार मुल्य अनूसार दरहरु परिमार्जन गर्ने, ठेक्का लगाउादा निश्चित परिमाण क्षेत्र तोकी सो को कडा अनूगमन गर्ने लगायतका निर्देशनहरु दिएको सन्दर्भमा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली स्थापित गरेर मात्र ठेक्का बन्दोबस्त गर्नेतर्फ ध्यान जानूपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>३२</td><td></td><td>मालपोत रजिष्ट्रेशन: स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५ (ग) वमोजिम गा.वि.स. र न.पा.ले आम्दानी गरेको मालपोत रकमको २५ प्रतिशत रकम जि.वि.स.मा पठाउने व्यवस्था रहेको छ । सो व्यवस्था वमोजिम गा.वि.स.हरुले आ.व. २०६९/०७० मा जिल्ला विकास समिति अर्न्तगतका ४७ गाविसले मालपोत बापत संकलन गरेको रकममध्ये शुन्य बराबर जिल्ला विकास  समितिले प्राप्त गरेको पाइयो । गाविसबाट प्राप्त गर्न बाँकी मालापोत रजिष्ट्रेशन बापतको रकमको विवरण यसप्रकार रहेको छ :
<table>
<tr><th>सि. नं.</th><th>गाविसको नाम</th><th>आ.व.०६९।७० को असुली</th><th>आ.व.०६९।७० को बाँकी</th></tr>
<tr><td>१</td><td>अनारमनी</td><td>०।००</td><td>३४३५२।००</td></tr>
<tr><td>२</td><td>अर्जुनधारा</td><td>०।००</td><td>१५६८९१।००</td></tr>
<tr><td>३</td><td>केचना</td><td>०।००</td><td>१८८३८।००</td></tr>
<tr><td>४</td><td>कोरोवारी</td><td>०।००</td><td>२३२१२।००</td></tr>
<tr><td>५</td><td>कुमरखोद</td><td>०।००</td><td>४७७५६।००</td></tr>
<tr><td>६</td><td>कोहवरा</td><td>०।००</td><td>६११७२।००</td></tr>
<tr><td>७</td><td>खजुरगाछी</td><td>०।००</td><td>५०७६८।००</td></tr>
<tr><td>८</td><td>खुदुनावारी</td><td>०।००</td><td>०।००</td></tr>
<tr><td>९</td><td>गरामनी</td><td>०।००</td><td>१८७५७०।००</td></tr>
<tr><td>१०</td><td>गौरादह</td><td>०।००</td><td>७०२९५।००</td></tr>
<tr><td>११</td><td>गौरीगञ्ज</td><td>०।००</td><td>३८२८२।००</td></tr>
<tr><td>१२</td><td>गोलधाप</td><td>०।००</td><td>६३५६०।००</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | | | | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | १३ | घेरावारी | ०।०० | १३७८५।०० | | | |
| | | १४ | घैलाडुब्बा | ०।०० | ७१२०४।०० | | | |
| | | १५ | चकचकी | ०।०० | ७२७०२।०० | | | |
| | | १६ | चन्द्रगढी | ०।०० | ०।०० | | | |
| | | १७ | चारपाने | ०।०० | ३०१।०० | | | |
| | | १८ | जलथल | ०।०० | १०२०४९।०० | | | |
| | | १९ | ज्यामिरगढी | ०।०० | ९६९११।०० | | | |
| | | २० | जुरोपानी | ०।०० | ४१२२८।०० | | | |
| | | २१ | टाघनडुब्बा | ०।०० | ५७७९७।०० | | | |
| | | २२ | डांगीवारी | ०।०० | ३६७३६।०० | | | |
| | | २३ | तोपगाछी | ०।०० | २०९३००।०० | | | |
| | | २४ | दुवागढी | ०।०० | ८३५८।०० | | | |
| | | २५ | धरमपुर | ०।०० | ९१४३१।०० | | | |
| | | २६ | धाइजन | ०।०० | ५८२५८।०० | | | |
| | | २७ | पथरिया | ०।०० | ४२८२५।०० | | | |
| | | २८ | पाठामारी | ०।०० | २८९९६।०० | | | |
| | | २९ | पांचगाछी | ०।०० | ५२५५६।०० | | | |
| | | ३० | पृथ्वीनगर | ०।०० | ४६३४५।०० | | | |
| | | ३१ | बनियानी | ०।०० | ४८११२।०० | | | |
| | | ३२ | बालुवाडी | ०।०० | २८८४०।०० | | | |
| | | ३३ | बैगुनधुरा | ०।०० | ६१३६१।०० | | | |
| | | ३४ | बाहुण्डांगी | ०।०० | २२४३८५।०० | | | |
| | | ३५ | बुधवारे | ०।०० | १८२६९०।०० | | | |
| | | ३६ | महाभारा | ०।०० | २१४८६।०० | | | |
| | | ३७ | महारानीभ्फोडा | ०।०० | ३००६५।०० | | | |
| | | ३८ | महेशपुर | ०।०० | ७६५१०।०० | | | |
| | | ३९ | राजगढ | ०।०० | ११३९२७।०० | | | |
| | | ४० | लखनपुर | ०।०० | १२०२९७।०० | | | |
| | | ४१ | शनिश्चरे | ०।०० | २४३४१८।०० | | | |
| | | ४२ | शान्तिनगर | ०।०० | ५२९७३।०० | | | |
| | | ४३ | शिवगञ्ज | ०।०० | ६४३१५।०० | | | |
| | | ४४ | शरणामती | ०।०० | ७५८१२।०० | | | |
| | | ४५ | सुरुङ्गा | ०।०० | ६५७९।०० | | | |
| | | ४६ | सतासीधाम | ०।०० | ६४४६४।०० | | | |
| | | ४७ | हल्दिवारी | ०।०० | ४४२१०।०० | | | |
| | | | **जम्मा** | **०।००** | **३२४२९२२।००** | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | गाँउ विकास समितिहरुले मालपोत रकम जि.वि.स. पठाउनुपर्ने रकममध्ये कुनै पनि गाविसले नपठाउनु तथा जिल्ला विकास समितिले समेत रकम असुलीमा तदारुकता नदेखाएका कारण यसप्रकारको वक्यौता रहेको हो । यसबाट जिल्ला विकास समितिलाई प्राप्त हुनुपर्ने राजश्व रकम न्यून हुनेहुँदा स्थानीय निकायका क्रियाकलापमा कमी आउँदछ । तसर्थ, गाउँ विकास समितिहरुबाट असुल गर्नुपर्ने रकमका लागी तदारुकताका सार्थ कार्य अगाडी बढाउनुपर्ने देखिएको रु | ३२४२९२२।०० | | |
| | | **अन्य** | | | |
| ३३ | | **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकमको वार्षिक क्रमशः रु.२५ लाखसम्म, रु. २५ देखि ५० लाखसम्म, रु. ५० लाखदेखि रु. १ करोडसम्म र रु.१ करोडभन्दा बढी वार्षिक आय हूने जिल्ला विकास समितिले क्रमशः ६०, ४०, ३० प्रतिशत र अधिकतम २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ । जिल्ला विकास समितिले यस वर्ष कर दस्तूर, सेवा शूल्क भाडा आदिबाट भएको असूली रु ३९७०६५६०.३६ को २५ प्रतिशतमात्र रु. ९९२६६४०.०९ खर्च गर्नूपर्नेमा रु. २८९७९०००.०० खर्च गरेकोले नियममा तोकिएको सीमाभन्दा रु. १९०५२३५९.९१ बढी खर्च भएको छ ।<br><br>कायालयले प्रशासनिक खर्चमा मितव्ययिता नअपनाएको कारण प्रशासनिक खर्चमा नियमले तोकेभन्दा बढी हुन गएको देखिन्छ । नियमावलीको पालना नगर्दा कार्यालयको वित्तीय व्यवस्थापन कमजोर देखिन जाने र विकास कार्यमा श्रोतको कमी हुन जाने स्थिति देखिन्छ । तसर्थ, कार्यालयले नियममा तोकेभन्दा बढी खर्च गरेको रु. १९०५२३५९.९१ नियम सम्मत भएको नदेखिएको रु. | १९०५२३५९.९१ | | |
| ३४ | | **आर्थिक सहायता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५३ अनुसार स्थानीय श्वायत्त शासन ऐनको दफा २२२ (२) को प्रयोजनको लागि स्वीकृत बजेटको परिधिभित्र रही जिल्ला विकास समितिले ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको गत वर्षको यथार्थ कुल रकमको वार्षिक अधिकतम १ प्रतिशत वा रु.१ लाखमध्ये जुन कम हुन्छ सो रकम सभापतिले आर्थिक सहायतामा खर्च गर्नसक्ने व्यवस्था छ ।<br>यसरी खर्च गर्नको लागि जिल्ला विकास समितिले बजेट विनियोजन गरी आवश्यकता अनुसार आर्थिक सहायताबापत खर्च लेखिसकेको देखिन्छ । त्यस अतिरिक्त देहायका खाताबाट समेत विभिन्न व्यक्ति तथा संस्थालाई संस्थागत अनुदान, सहायता तथा सहयोगकै स्वरुपमा र कतिपय अवस्थामा कार्यक्रम खर्चको आवरणमा आर्थिक सहयोग उपलव्ध गराएको पाइयो । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| सि.नं | विवरण | भुक्तानी पाउने व्यक्ति/फर्म संस्था | रकम |
|---|---|---|---|
| **जिविस कोष चालू** | | | |
| १. | रक्तदान कार्यक्रमका लागि | नेपाल निजामती कर्मचारी संगठन | १५३१०.०० |
| २. | सूचना विज्ञापन | कामाद | १००००.०० |
| ३. | रथ यात्राको खर्च | भगवान श्री कृष्ण रथ यात्रा समिति | ५१६०.०० |
| ४. | बुक र्‍याक खरिद बापतको विल भुक्तानी | त्रिफला राष्ट्रिय पुस्तकालय | ३००००.०० |
| ५. | बचत कोषहरुको राष्ट्रिय भेला र सहकारी वर्ष मनाउन सहयोग | राष्ट्रसेवक सहकारी संस्था ली | ३००००.०० |
| ६. | कार्यक्रम खर्चबाट विल भुक्तानी | नेपाल राष्ट्रिय कर्मचारी संगठन -स्थानीय निकाय | १५०००.०० |
| ७. | विज्ञापन | उर्लावारी ब.क्याम्पस, मोरङ्ग | १००००.०० |
| ८. | महाधिवेशन सहयोग | नेपाल निजामती कर्मचारी संगठन, निजामती राष्ट्रिय समिति | १५०००.०० |
| ९. | क्षेत्रीय रेडबुल ए डिभिजन लिग फुटवल प्रतियोगिता | मूनाल क्लव, चन्द्रगढी | २००००.०० |
| १०. | सहयोग | नेपाल निजामती कर्मचारी संघ, केन्द्रिय समिति | ५०००.०० |
| ११. | सहयोग | उपभोक्ता हित संरक्षण मञ्च नेपाल | ११००.०० |
| १२. | १०३ औ श्रमिक अर्न्तराष्ट्रिय श्रमिक महिला दिवस मनाउन | अन्तरपार्टी महिला सञ्जाल, जिल्ला कार्य समिति, झापा | १५०००.०० |
| १३. | कम्यूनिष्ट आन्दोलनमा दोर्णचार्य क्षेत्रीको योगदान सम्बन्धी कार्यक्रमका लागि | प्रेस चौतारी झापा | १००००.०० |
| १४. | ४१ औ वातावरण दिवस मनाउन | वातावरण विज्ञान विद्यार्थी समूह | ७५००.०० |
| १५. | सहयोग | पेशागत महासंघ नेपाल, जिल्ला समन्वय समिति | ५०००.०० |
| १६. | सहयोग | राष्ट्रिय स्वास्थ्यकर्मी संघ नेपाल, जिल्ला कार्य समिति, झापा | १००००.०० |
| १७. | किसान दिवस मनाउन | अखिल खेपाल किसान महासंघ | ५०००.०० |
| १८. | दोश्रो राष्ट्रिय महाधिवेशन | नेपाल राष्ट्रिय कर्मचारी महासंघ | ५०००.०० |
| **कोष पूँजीगत** | | | |
| १९. | आर्थिक सहायता | नेपाल अलैंची व्यवसायी संघ, विर्तामोड | २०००००.०० |
| २०. | हाजिरी जवाफ प्रतियोगिता | अखिल नेपाल विद्यार्थी यूनियन (क्रान्तिकारी) | १००००.०० |
| २१. | फुटवल प्रतियोगिता सहयोग | भानुचोक यूवा क्लव, झापा | २५०००.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>२२.</td><td>फुटवल प्रतियोगिता सहयोग</td><td>न्यू डाइनामाइट फुटवल क्लव</td><td>२००००.००</td></tr>
<tr><td>२३.</td><td>मेची गोल्ड कप फुटवल प्रतियोगिता सहयोग</td><td>श्री काकरभिट्टा क्लव</td><td>५००००.००</td></tr>
<tr><td>२४.</td><td>फुटवल प्रतियोगिता सहयोग</td><td>अखिल नेपाल स्वतन्त्र विद्यार्थी यूनियन क्षेत्र नं. ३</td><td>२००००.००</td></tr>
<tr><td>२५.</td><td>फुटवल प्रतियोगिता सहयोग</td><td>ज्ञानज्योती यूवा क्लव, सुरुङ्गा</td><td>२५०००.००</td></tr>
<tr><td>२६.</td><td>आन्तरिक आम्दानीमा सहयोग पुऱ्याएवापत व्यावसायीक संघ संस्था अनुदान</td><td>झापा उद्योग वाणिज्य संघ</td><td>२०००००.००</td></tr>
<tr><td>२७.</td><td>राष्ट्रिय अधिवेशन आर्थिक सहयोग</td><td>धिमाल राष्ट्रिय मुक्ति मोर्चा नेपाल</td><td>१००००.००</td></tr>
<tr><td>२८.</td><td>साहित्यिक यात्राको लागी सहयोग</td><td>लेखनाथ पुस्तकालय, चन्द्रगढी</td><td>१००००.००</td></tr>
<tr><td>२९.</td><td>चौथो राष्ट्रिय महाधिवेशनको लागी आर्थिक सहयोग</td><td>नेपाल दलित संघ</td><td>५०००.००</td></tr>
<tr><td>३०.</td><td>फुटवल प्रतियोगिता</td><td>झापा जिल्ला फुटवल संघ</td><td>२५०००.००</td></tr>
<tr><td>३१.</td><td>पार्टीको राष्ट्रिय सम्मेलन, पोखराको लागि</td><td>नेकपा(एकिकृत)लाई</td><td>१००००.००</td></tr>
<tr><td>३२.</td><td>छैठौ राष्ट्रिय सम्मेलनलाई सहयोग</td><td>नेकपा (माले), सिपि मैनाली</td><td>१००००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६२००००.००</td></tr>
</table>
यसरी जिल्ला विकास समिति कोष चालूतर्फबाट आर्थिक सहायता स्वरुप खर्च लेखिसकेपछि पुन: पूंजीगत कार्यमा खर्च गर्नको लागि विनियोजन गरेको यस बजेट उपशीर्षकबाट माथि उल्लेखित विभिन्न वितरणमुखी तथा अनुत्पादक कार्यमा आर्थिक सहायता स्वरुप खर्च लेख्नु नै मुख्य कारण हो । यसबाट विकास निर्माण जस्ता पूंजीगत कार्यमा बजेट न्यून हुन गई विकास निर्माण कार्यमा असर पर्दछ । अत: यस्तो खर्चमा अबिलम्ब नियन्त्रण गरिनुपर्ने देखिएको रु.
</td><td>६२००००.००</td><td></td><td></td></tr>
<tr><td>३५</td><td></td><td>
चालू प्रकृतिको खर्च – स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ (१) मा स्थानीय निकायको कोष पूँजीगत रकमबाट तलव, भत्ता, बैठक भत्ता, दैनिक भ्रमण भत्ता, इन्धन, मर्मत सम्भार, टेलीफोन बिजुली महशुल लगायतका चालू प्रकृतिका खर्च गर्न नपाइने व्यवस्था रहेको छ ।<br>
कार्यालयले यस वर्ष आन्तरिक कोष पूँजीगत खर्चबाट देहायनुसारका चालू प्रकृतिका खर्च भुक्तानी गरेको रु
<table>
<tr><th>भौ.नं र मिति</th><th>खर्चको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२२-२०६९/५/२८</td><td>इन्धन खर्च भुक्तानी खुदनावरी गाविस</td><td>३००००.००</td></tr>
<tr><td>२४-२०६९/६/२</td><td>इन्टरनेट सेवा जडान बापत भुक्तानी</td><td>७८३००.००</td></tr>
<tr><td>२५-२०६९/६/२</td><td>दलित वर्ग उत्थान जि.स.उपाध्यक्ष, उपाध्यक्ष, सूर्य ब बिक</td><td>६७२५.००</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | | | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|---|---|
| | | २६-२०६९/६/२ | टेक्नो सर्भिस सेन्टरलाई भुक्तानी | ३५६४०.०० | | | |
| | | २९-२०६९/६/५ | जिविस सञ्चलित सफ्टवेयर मर्मत सम्भार | १४१२५०.०० | | | |
| | | ३५-२०६९/६/१२ | नेपाल साहित्यिक पत्रकार संघलाई सहयोग | ३००००.०० | | | |
| | | ४१-२०६९/६/१४ | दलित वर्ग उत्थान जि.स.उपाध्यक्ष, उपाध्यक्ष, सूर्य ब बिक, दै.भ्र.भ. र इन्धन बिल भुक्तानी | १६८००.०० | | | |
| | | ९८-२०६९/७/२ | | १०३०१.०० | | | |
| | | १२९-२०६९/८/१७ | | १०८००.०० | | | |
| | | १३१-२०६९/८/२० | दलित वर्ग उत्थान बैठक भत्ता भुक्तानी | २९३२५.०० | | | |
| | | १३७-२०६९/८/२५ | आदिवासी जनजाती बैठक, मान ब मगरलाई | २३५००.०० | | | |
| | | १५८-२०६९/९/९ | | २१२५०.०० | | | |
| | | १४२-२०६९/९/२ | आदीवासी जनजाती जिल्ला समन्वय समिति, उपाध्यक्ष राजेन्द्रकुमार राईलाई इन्धन खर्चबापत भुक्तानी | १७७००.०० | | | |
| | | | | | | | |
| | | १७१-२०६९/१०/२३ | | ११४०७.०० | | | |
| | | १७२-२०६९/१०/२३ | अपाङ्ग समन्वय समिति, उपाध्यक्ष, छत्रबाहदुर तिमिल्सिना इन्धन खर्चबापत भुक्तानी | १००००.०० | | | |
| | | १७४-२०६९/१०/२८ | आर्थिक अभियान पत्रिकालाई विज्ञापन विल भुक्तानी | १११५०.०० | | | |
| | | १७५-२०६९/११/१ | दलित उपाध्यक्ष सुर्य ब विकलाई इन्धन विल भुक्तानी | ९४६०.०० | | | |
| | | २५३-२०६९/१२/१६ | परिषद् सञ्चालनको भिडियो रेकर्ड बिल लक्ष्मी स्टुडियो, झापालाई भुक्तानी | २००००.०० | | | |
| | | २७५-२०७०/१/१३ | अपाङ्ग समन्वय समिति, उपाध्यक्ष, छत्रबाहदुर तिमिल्सिना इन्धन खर्च तथा मर्मत बापत भुक्तानी | ९३९०.०० | | | |
| | | ३०१-२०७०/२/२० | दलित वर्ग उत्थान जि.स.समिति, उपाध्यक्ष सुर्य ब.विक इन्धन खर्च भुक्तानी | १३४४२.०० | | | |
| | | ३१५-२०७०/३/५ | आदिवासी जनजाति उपाध्यक्ष राजेन्द्र कु राई इन्धन, भ्रमण लगायतको प्रशासनिक खर्च भुक्तानी | २७८९९.०० | | | |
| | | ३१७-२०७०/३/६ | दलित समनवय समिति उपाध्यक्ष सुर्य ब विक | १०५००.०० | | | |
| | | ३१९-२०७०/३/११ | अपाङ्ग समन्वय समिति, उपाध्यक्ष, छत्रबाहदुर तिमिल्सिना इन्धन, रिचार्ज कार्ड, मर्मत खर्चबापत भुक्तानी | १८१०९.०० | | | |
| | | ३२८-२०७०/३/१७ | सामाजिक परिचालकलाइं दै भ्र भ भुक्तानी | ८०००.०० | | | |
| | | ३३७-२०७०/३/२३ | अनुगमन खर्च भुक्तानी | ३३०००.०० | | | |
| | | ३३८-२०७०/३/२३ | एडिएसएल विल भुक्तानी | २०३४०.०० | | | |
| | | ३४१-२०७०/३/२३ | जेनेरेटर खरिद नपुग विल भुक्तानी | ९०५४०.०० | | | |
| | | ३४३-२०७०/३/२४ | जिल्ला प्रशासन कार्यालयको सिफारिशमा घाइतेलाई विल भुक्तानी | ७५००.०० | | | |
| | | ३५३-२०७०/३/३१ | विज्ञापन खर्च बापत ज्योती एडभरटाइजिङ्गलाई भुक्तानी | ५४२४०.०० | | | |
| | | | **जम्मा:** | **३५४९७७.००** | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>कार्यालयले कार्यविधिको परिपालनामा ध्यान नदिई तोकिएको खर्च सीमा नाघ्न नदिने उद्देश्यले फरक शिर्षकमा खर्च लेखांकन गरेको देखिन्छ । यसबाट पूंजीगत खर्चका लागि रकम न्यून हुनुका साथै अस्वाभाविक रुपमा चालू प्रकृतिका खर्चमा हुने तथा आर्थिक अनियमितता हुने सम्भावना रहन्छ । तसर्थ पूंजीगत खर्च शिर्षकबाट खर्च गर्न निषेध गरिएका क्षेत्र एवं विषयमा खर्च गर्ने पद्दतीको अन्त्य हुनुपर्ने देखिएको रु</td><td>३५४९७७.००</td><td></td><td></td></tr>
<tr><td>३६</td><td></td><td>कम लागतका योजना – जिल्ला विकास समिति अनुदान संचालन कार्यविधि, २०६७ को दफा ११ (१) अनुसार जिल्ला विकास कोषको कूल विनियोजन पूजिगत रकमबट समपुरक कोष र लक्षित समूहको लागि रकम विनियोजन गरी बांकी रहेको रकमबाट रु. ५ लाखभन्दा कमका कार्यक्रम/आयोजना छनौट गर्न नसकिने व्यबस्था गरिएको छ । साथै, लगानी गरिएको क्षेत्रको लागि अनुसूची-४ बमोजिम आयोजना लगानी विवरण (Project Funding Matrix) तयार गर्नुपर्ने व्यबस्था गरेको छ । कार्यालयले निर्देशिकाले व्यबस्था गरे अनुसारको आयोजना लगानी विवरण तयार नगर्नूका साथै रु.५ लाखभन्दा कमका योजनाका लागि समेत रकम विनियोजन गरेको पाइयो । जसका उदाहरण निम्नानुसार रहेका छन् :
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको विवरण</th><th>योजना संख्या</th><th>विनियोजित रकम (रु हजारमा)</th></tr>
<tr><td>१.</td><td>जि. वि. स. कोष</td><td>२२८</td><td>२४३००।५०</td></tr>
<tr><td>२.</td><td>जि. वि. स. अनुदान</td><td>१००</td><td>२०५९९।५०</td></tr>
<tr><td>३.</td><td>साना सिंचाई कार्यक्रम</td><td>९</td><td>१५००।००</td></tr>
<tr><td>४.</td><td>तराई मधेश विशेष कार्यक्रम</td><td>२</td><td>९००।००</td></tr>
<tr><td>५.</td><td>स्थानीय यातायात क्षेत्रगत पूर्वाधार कार्यक्रम</td><td>१</td><td>४००।००</td></tr>
<tr><td>६.</td><td>गुम्बा व्यवस्थापन</td><td>३</td><td>३००।००</td></tr>
<tr><td colspan="2">जम्मा:</td><td>३४३</td><td>४८०००</td></tr>
</table>
धेरै योजना माग भए बमोजिम सबैलाई समेट्ने आशय तथा योजना प्राथमिकीकरण हुन नसक्नुका कारण न्यून लागतका योजना छनौट भएका हुनुपर्दछ । यसबाट उल्लेखनीय योजनामा लगानी नभई कार्यक्रमको प्रभावकारिता कम हुन जान्छ । तसर्थ, निर्देशिकामा तोकिए बमोजिम नै योजना छनौट गरी ठूला योजनाहरु सम्पन्न गराउनेतर्फ बजेट विनियोजन गर्ने र मनोगत ढङ्गले बजेट छर्ने पद्धतिको अन्त्य गर्ने कार्यमा कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>३७</td><td></td><td>वैशाख पछिका सम्झौता : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९ (१४) अनुसार जिल्ला विकास समितिले वैशाख मसान्तपछि कुनैपनि नयाँ कार्यक्रम</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नपाउने व्यवस्था छ ।

कार्यालयले यस आ.व.मा देहायअनुसारका कार्यक्रमबाट विभिन्न योजनाहरु वैशाख मसान्तपछि सम्झौता गरी रकम बाँडफाँड र निकासा दिएको पाइयो ।

| सि.नं. | योजनाको नाम | कार्यक्रम | सम्झौता मिति | सम्झौता रकम |
|---|---|---|---|---|
| १ | सतानोवाडी ट्रस ब्रिज अनारमनी | झोलुंगे पुल निर्माण | २०७०।२।१५ | ६,८१,५२६।६६ |
| २ | फोक्ल्याण्ड ट्रस ब्रिज चकचकी | झोलुंगे पुल निर्माण | २०७०।२।१५ | १०,२४,९७५।५४ |
| ३ | धरधरे ट्रस ब्रिज गरामनी | झोलुंगे पुल निर्माण | २०७०।२।१५ | ४,६६,२७१।१९ |
| ४ | वाँसवारी ट्रस ब्रिज धाइजन | झोलुंगे पुल निर्माण | २०७०।२।१५ | ९,०१,९७९।५३ |
| ५ | पथरिया घेरावारी सडक | RTI SWAP | २०७०।२।२५ | १९,६७,१४१।४६ |
| ६ | धरमपुर पाँचगाछी सडक | RTI SWAP | २०७०।२।२५ | १९,९०,९१३।२७ |
| ७ | गौरादह स्वामीचोक जुरोपानी सडक | RTI SWAP | २०७०।२।२५ | १३,३४,७०९।९२ |
| ८ | दुधे शिवगञ्ज कोरोबारी सडक | RTI SWAP | २०७०।२।२५ | ९,४३,३२६।१३ |
| ९ | चारपाने नारायणचोक हात्तिकिल्ला सडक | RTI SWAP | २०७०।२।२५ | ७,१६,४०८।०० |
| १० | सगरमाथा हल्दिबारी राजगढ सडक | RTI SWAP | २०७०।२।२५ | ८,६९,१८५।१३ |
| ११ | काकरभिट्टा बाहण्डाँगी सडक | RTI SWAP | २०७०।३।१२ | १०,७८,१८३।७२ |
| १२ | केर्खा क्याम्पा सडक | सडक वोर्ड | २०७०।३।२५ | ७,३७,३२५।०० |

कार्यविधिको व्यवस्थालाई अनुसरण नगरी अनुकुलता र मागका आधारमा योजनामा रकम विनियोजन गर्ने पद्दतिको कारण एवं कतिपय अवस्थामा अख्तियारी नै ढिला प्राप्त हुन आउने भएकाले यस्तो अवस्था सिर्जना भएको हो । जसबाट निर्धारित समयमा योजना सम्पन्न नहुनुका साथै आर्थिक वर्षको अन्त्यमा हतारमा योजना सम्पन्न गरी बजेट फ्रिज नगराउने प्रवृत्तिलाई पश्रय पाई निर्मित संरचनाको गुणस्तर कमसल हुन जाने हुन्छ । अतः कार्यविधिको व्यवस्था विपरित ढिलो गरी योजना सम्झौता गर्ने परिपाटिको अविलम्ब अन्त्य हुनुपर्दछ ।

३८

**गाविसमार्फत योजना सञ्चालन –** तालुक मन्त्रालयबाट जिल्ला विकास समितिलाई विभिन्न बजेट उपशीर्षकहरुमा अख्तियारी दिई विनियोजन गरेको रकमको कार्यक्रम स्वीकृत गराई स्वीकृत कार्यक्रममा मात्र खर्च गर्नुपर्दछ । यसरी खर्च गर्दा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (३) अनुसार अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई बिल भरपाईसहितको लेखा राख्नुपर्ने व्यवस्था छ ।

तर कार्यालयले रकम खर्च सम्बन्धी अनिवार्य रुपमा संलग्न गर्नुपर्ने आधारभूत प्रमाण कागजातहरु जस्तैः लागत अनुमान, नापी किताब, कार्य मूल्याङ्कन बिल, कार्य सम्पन्न प्रतिवेदन, योजनाको फरफारक, सामाजिक परीक्षण प्रतिवेदन तथा खर्चका बिल भरपाईहरु संलग्न नगरी केन्द्रीय बजेट मार्फत सञ्चालित विभिन्न बजेट उपशीर्षकहरुबाट गाउँ विकास समिति तथा नगरपालिकाको बैंक खातामा अनुदान स्वरुप रकम जम्मा गर्ने गरेको पाइयो । यस वर्ष देहाय अनुसारको विभिन्न कार्यक्रमबाट १६५ वटा योजना संचालनको लागि विभिन्न गा.वि.स.लाई पठाएको छ । यसबाट

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | योजना बापत निकासा भएको रकम गा.वि.स.मा पुगी निष्क्रिय रहने वा कार्यक्रम सञ्चालन नभए पनि खर्च जनाइने अवस्था आइपर्दछ । तसर्थ सो सम्बन्धमा सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । यसरी बजेटको विनियोजन तथा खर्च गर्ने अख्तियारी नीति विपरित नियमावलीको नियम ४६ (३) को पालना नगरी बजेट खर्च गर्नु मनासिव नदेखिएको रु. | | | |

| सि.नं. | कार्यक्रमको नाम | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | विभिन्न | १६५ | १६०७७५००।०० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ३९ | | **निर्णय कार्यान्वयन –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (१) मा जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र वजेटको सीमा भित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले यस वर्ष परिषद्बाट पारित नभई विभिन्न मितिमा बोर्डको निर्णयानुसार निम्न योजनामा रकम विनियोजन गरेको पाईयो । | | | |

| सि.नं. | योजनाको नाम | लागत व्यहोर्ने कार्यक्रम | निर्णय मिति | लागत अनुमान |
|---|---|---|---|---|
| १ | **दलित विद्यार्थीहरुलाई छात्रवृत्ति र कार्यक्रम व्यवस्थापन** | **जिविस कोष** | २०६९।५।७ | १५०००।०० |
| २ | **घैलाडुब्बा-९ लक्ष्मीपुर डांगीवारी चकचकी घेरावारी (हिमाली) सडक** | **जिविस कोष** | २०६९।५।६ | १०००००।०० |
| ३ | **ठुलो नेते नियन्त्रण (स्काभेटर इन्धन खर्च)** | **जिविस कोष** | २०६९।५।६ | ३००००।०० |
| ४ | **जीवनचौक शंकराचार्य पिठ सडक ग्राभेल** | **जिविस कोष** | २०६९।५।६ | १५००००।०० |
| ५ | **लक्ष्मी मार्ग सेतुमारी सडक** | **जिविस कोष** | २०६९।५।६ | १५००००।०० |
| ६ | **शहिद राजन गिरी सडक निर्माण** | **जिविस कोष** | २०६९।६।५ | २५०००।०० |
| ७ | **शान्ती खोल्सा नियन्त्रण** | **जिविस कोष** | २०६९।६।५ | १०००००।०० |
| ८ | **आयुर्वेद स्वास्थ्य केन्द्र भवन छत ढलान** | **जिविस कोष** | २०६९।५।६ | १०००००।०० |
| ९ | **बालुवा नदीमा कल्भर्ट निर्माण** | **जिविस कोष** | २०६९।५।६ | ४९७९९२।९३ |
| १० | **चारपाने राजगढ शहिद मार्ग अन्तरगत चकचकी मेचे बस्तीबाट गोलधाप हुँदै राजगढ सडक** | **जिविस कोष** | २०६९।५।६ | ५००००।०० |
| ११ | **सगरमाथा आमा समूह भवन मर्मत** | **जिविस कोष** | २०६९।५।६ | १०००००।०० |
| १२ | **दुर्गा पाञ्चायन मन्दिर** | **जिविस कोष** | २०६९।५।६ | १०००००।०० |
| १३ | **शिव पाञ्चायन मन्दिर** | **जिविस कोष** | २०६९।५।६ | ७५०००।०० |
| १४ | **सत्य साई भजन समूह** | **जिविस कोष** | २०६९।५।६ | १०००००।०० |
| १५ | **भानुचौक युवा क्लब** | **जिविस कोष** | २०६९।५।६ | २५०००।०० |
| १६ | **नेपाल साहित्यिक पत्रकार संघ केन्द्रिय कार्यालय** | **जिविस कोष** | २०६९।५।६ | ३००००।०० |
| १७ | **अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, दुर्गा उच्च मावि इकाई समिति** | **जिविस कोष** | २०६९।५।६ | १००००।०० |
| १८ | **मदर्शा दारुस समाम रुढीमारी भवन निर्माण** | **जिविस कोष** | २०६९।५।६ | १२००००।०० |
| १९ | **विर्तामोड सडक ग्राभेल** | **जिविस कोष** | २०६९।५।६ | १५००००।०० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | | | | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | २० | घैलाडुब्बा डांगीवारी सडक | जिविस कोष | २०६९।५।६ | १०००००।०० | | |
| | | २१ | अर्जुनधारा नारायणचौक हात्तिकिल्ला सडक (**गाविस खातामा**) | जिविस कोष | २०६९।५।६ | १२५०००।०० | | |
| | | २२ | महेशपुर गाविस सडक मर्मत | जिविस कोष | २०६९।५।६ | २५०००।०० | | |
| | | २३ | पाठामारी गाविस सडक मर्मत (**गाविस खातामा**) | जिविस कोष | २०६९।५।६ | २५०००।०० | | |
| | | २४ | हरिनन्द मार्ग ग्राभेल | जिविस कोष | २०६९।५।६ | १५००००।०० | | |
| | | २५ | कन्चनजंघा मार्ग सडक ग्राभेल | जिविस कोष | २०६९।५।६ | १२५०००।०० | | |
| | | २६ | आपगाछी पैनी कल्भर्ट निर्माण ***(गाविस खातामा)*** | जिविस कोष | २०६९।५।६ | २०००००।०० | | |
| | | २७ | कदमचौक देखि ऐनावारी सम्म जाने सडक | जिविस कोष | २०६९।५।६ | १०००००।०० | | |
| | | २८ | हर्कलाल मार्ग सडक मर्मत | जिविस कोष | २०६९।५।६ | २५०००।०० | | |
| | | २९ | बुलुचौक सालमारा जाने सडकमा ह्युमपाईप तथा कल्भर्ट निर्माण | जिविस कोष | २०६९।५।६ | ५००००।०० | | |
| | | ३० | खारखोला आमा समूह केन्द्र | जिविस कोष | २०६९।५।६ | ५००००।०० | | |
| | | ३१ | टुनु बस्तीमा कमल बनियानी खोला नदी नियन्त्रण | जिविस कोष | २०६९।५।६ | १०००००।०० | | |
| | | ३२ | प्रेम चौहानको घरदेखि भरत गाउं जाने सडक ग्राभेल | जिविस कोष | २०६९।५।६ | ५००००।०० | | |
| | | ३३ | जनताचौक विष्णुचौक हुंदै रंगियाथानसम्म सडक मर्मत | जिविस कोष | २०६९।५।६ | ५००००।०० | | |
| | | ३४ | लालमाटी चौक हुंदै कुमाल बस्तीसम्म सडक मर्मत | जिविस कोष | २०६९।५।६ | ६००००।०० | | |
| | | ३५ | विराट पोखरबाट घैलाडब्बा जोड्ने सडक मर्मत | जिविस कोष | २०६९।५।६ | ३००००।०० | | |
| | | ३६ | क्षितिज नाट्य समूह | जिविस कोष | २०६९।५।६ | २५०००।०० | | |
| | | ३७ | कोरोवारी-५, ६, ७, ८, ९ मा पर्ने सडक मर्मत | जिविस कोष | २०६९।५।६ | ४००००।०० | | |
| | | ३८ | गोसखानबाट शरणार्थी शिविर जाने सडक मर्मत | जिविस कोष | २०६९।५।६ | १०००००।०० | | |
| | | ३९ | सुरुङ्गा गाविस हुंदै लक्ष्मी मार्ग जाने सडक मर्मत | जिविस कोष | २०६९।५।६ | ५००००।०० | | |
| | | ४० | स्वागत चौक दक्षिण भोर्ली चौन जाने सडक | जिविस कोष | २०६९।५।६ | १५००००।०० | | |
| | | ४१ | पथरिया-३ र ७ हुंदै घेरावारी जाने सडक मर्मत | जिविस कोष | २०६९।५।६ | ५००००।०० | | |
| | | ४२ | मधुसुदन न्यौपानेको टोलमा सडक ग्राभेल (**गाविस खातामा**) | जिविस कोष | २०६९।५।६ | १०००००।०० | | |
| | | ४३ | लक्ष्मी ओलीको घर पश्चिम मनसापुर घैलाडुब्बा-३ विद्युत विस्तार | जिविस कोष | २०६९।५।६ | ५००००।०० | | |
| | | ४४ | नरेन्द्र विष्टको घर छेउ रतिवारी विद्युत विस्तार | जिविस कोष | २०६९।५।६ | ५००००।०० | | |
| | | ४५ | वडा नं.-७ हुंदै ८ को चैतुवारी पुर्व हेमराज ओलीको घर हुंदै सन्थाल बस्तीसम्म विद्युत विस्तार | जिविस कोष | २०६९।५।६ | ४००००।०० | | |
| | | ४६ | हात्ति प्रकोप नियन्त्रण | जिविस कोष | २०६९।७।२१ | १३००००।०० | | |
| | | ४७ | नेत्र मार्ग घेरावारी खण्ड सडक मर्मत | मर्मत सम्भार कोष | २०६९।६।२९ | ८००००।०० | | |
| | | ४८ | गोकुल मार्ग ज्यामिरगढी-१, २, ३, ८ र ९ | मर्मत सम्भार कोष | २०६९।६।२९ | ३००००।०० | | |
| | | ४९ | स्कूलचौन डोरामारी सडक | मर्मत सम्भार कोष | २०६९।६।२९ | ५००००।०० | | |
| | | ५० | चारघरे मैदानघोपा सडक | मर्मत सम्भार कोष | २०६९।६।२९ | ४००००।०० | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td colspan="2">
<table>
<tr><td>५१</td><td>इटाभट्टा निन्दा सडक</td><td>मर्मत सम्भार कोष</td><td>२०६९।६।२९</td><td>६००००।००</td></tr>
<tr><td>५२</td><td>दुर्गापुर चम्पापुर तुलसीवारी सडक</td><td>मर्मत सम्भार कोष</td><td>२०६९।६।२९</td><td>५००००।००</td></tr>
